वर्ष : १६, अंक : २७, काठमाडौं, २०७७ असोज ३० गते शुक्रबार, 16 October 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh




## मंगलमय शुभकामना

विजया दशमीको अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, शुभेक्छुक तथा सम्पूर्ण नेपालीहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मधेशवाणी परिवार

हाम्रो आगामी भेट कार्तिक १४ गते हुनेछ ।


## ‘विविधताको परिचायक जसपा’



काठमाडौं । जनता समाजवादी पार्टी नेपाल देशको विविधताको परिचायक रहेको अध्यक्ष महन्थ ठाकुरले बताएका छन् । थारु अधिकारकर्मी, बुद्धिजिबी, संघर्षशील मोर्चाहरुसँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ठाकुरले पार्टी निर्माण प्रक्रियामै रहेको र सम्पूर्ण नेपालको सामाजिक बनौटको विविधता झल्किने गरि पार्टीको संरचना तयारी गरेका दाबी गरेका छन् ।

उनले सबै समुदायलाई यसमा आबद्ध हुन आवाहन गर्दै कसैलाई पनि शंका उपशंका नगर्न बताउँदै जसपा पीडितहरुको पार्टी रहेको बताए ।

‘पहाडमा जनजाति, दलित, महिला, अल्पसंख्यकहरु पडित छन् भने समग्र मधेश र थरुहट पनि पीडित नै छन् ।’ ठाकुरले भने, ‘हामी सँगै संघर्ष गरेर लोकतन्त्र ल्यायौ र अब संगै मेलेर आधुनिक समाजको रुपमा नेपाललाई रुपान्तरित गर्नु पर्ने छ ।’

समानता, सामाजिक न्याय, आर्थिक उन्नति एवम् समान अवसरका लागि कार्य गर्नुपर्ने उनको तर्क छ । थरुहट र मधेश भावनात्मक रुपमा एक रहेको कुरा बिगतको हाम्रो एकताबद्ध संघर्षले नै प्रमाणित गरेको छ, उनले भनेका छन् ।

सांसद रेशम लाल चौधरीलाई जसपाले नबिर्सेको बताउँदै हरेक बैठकमा उनको लागि आवाज उठाइ नै रहेको जिकिर गरे ।

व्यक्तिगत भेटघाटमा प्रधानमन्त्रीले सांसद चौधरी निर्दोष रहेको बताउने तर कानुनको परिबन्धमा पारेर राज्य निरङ्कुशताको परिचय दिइराखेको आरोप ठाकुरको छ ।

‘हाम्रा मन्त्री, सांसादहरुमाथि मुद्दा लगाइएको छ । राज्य एकात्मक र केन्द्रिकृत हुँदै गएको छ । तसर्थ हामी पिडितहरुको विच एकताको विकल्प नरहेको दोहर्याउन चाहन्छु,’ ठाकुले भने ।

कार्यक्रमको संयोजन वरिष्ठ नेता राजेन्द्र महतोले गरेका थिए भने कार्यक्रममा अर्का वरिस्ठ नेता एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र वरिस्ठ नेता अशोक राईको समेत उपस्थिति थियो ।

# जसपा : पार्टी छ, संगठन छैन

## गठन भएको ६ महिनामा न केन्द्रीय समिति, न त संसदीय दल नै

काठमाडौं । वैकल्पिक राजनीतिक शक्ति बन्ने दाबी गरिरहेका जसपाले पार्टी एकीकरणको ६ महिना बित्दा पनि पार्टीको संगठन बनाउन सकेका छैनन् । तत्कालीन राजपा र संघीय समाजवादी पार्टीबीच एकीकरण भई जनता समाजवादी पार्टी (जसपा) गठन भएको लगभग ६ महिना भएको छ । यो ६ महिनाको अवधिमा निर्वाचन आयोगमा पार्टी दर्ताबाहेक कुनै काम भएको छैन । अर्थात् जसपा नामको पार्टी त छ तर यसको संरचना र संगठन भने छैन । पार्टीका नेतृत्वले ६ महिनासम्म पनि पार्टीलाई ठोस आकार दिन पूर्णत: असफल भएका हुन । गत वैशाख १० गते मध्यरातमा हतार हतारमा दुई पार्टीबीच एकीकरण भएको थियो । त्यतिखेर पार्टी एकीकरण गर्ने सहमति बाहेक अरु बुँदामा सहमति गरिएको थिएन । त्यसैले पार्टीभित्र भद्रगोल देखिएको हो ।

तर पार्टी गठन भएको ६ महिनासम्म न संसदीय दलका नेता चयन भएको छ न केन्द्रीय समिति नै गठन भएको छ अर्थात् ६ महिनासम्म पार्टी केन्द्रीय समितिविहीन छ । यसैगरी संसदीय दलका नेता, प्रमुख सचेतक, सचेतकविहीन पार्टी चलिरहेको छ । निर्वाचन आयोगमा दुई पार्टी एक भएको प्रमाणपत्र बुझाए पछि कानुनी रुपमा दुई पार्टी एक त भएका छन्, तर व्यवहारिक रुपमा अहिले पनि दुई पार्टीका अलग अलग संसदीय दल रहेको छ । आफना पार्टीका सांसदहरुको विषयमा निर्णय गर्नु परेमा सम्बन्धित संसदीय दलले निर्णय गर्दै आएका छन । उदारहणका लागि सरिता गिरीलाई पार्टीबाट निष्कासन गर्ने निर्णय जसपाको नभई तत्कालीन समाजवादी पार्टीको संसदीय दलको निर्णय थियो जबकी त्यसबेला पार्टी एकीकरण भइसकेको थियो ।

एकीकरणपछि जसपा मुलुकको तेस्रो राजनीतिक शक्ति बनेको छ । पार्टी निर्माणको मुख्य आधार सांगठनिक संरचना हो । तर जसपाले केन्द्रीय कार्यकारिणीबाहेक कुनै संरचना खडा गर्न सकेको छैन । पार्टीका संरचना नहुँदा नेता विशेषका गतिविधिबाहेक संगठनको गतिविधि ठप्पजस्तै छ ।



एकीकृत पार्टीको संसदीय दलको नेता कसलाई बनाउने विषयमा सहमति जुट्न नसक्दा संसदीय दलका नेता चयन गर्न सकिएको छैन । दुई पार्टीबीच एकीकरण हुँदा नै आफूलाई एकीकृत पार्टीको संसदीय दलको नेता चयन गर्ने भनी अनौपचारिक सहमति गरिएको राजेन्द्र महतोले दाबी गर्दै आएका छन् । तत्कालीन राजपाको संसदीय दलका नेता महन्थ ठाकुर थिए । यता, जसपाका अध्यक्ष उपेन्द्र यादव पार्टी अध्यक्ष मात्र नभइ संसदीय दलका नेता पनि छाड्ने पक्षमा छैनन । बाबुराम भट्टराई निकट नेताहरु भट्टराईलाई संसदीय दलको नेता बनाए भट्टराईप्रति न्याय हुने तर्क गरिरहेका छन् ।

पार्टीभित्र सहमति जुट्न नसक्दा जसपाका नेताहरुले केन्द्रीय समिति समेत गठन गर्न सकेका छैनन् । भागबण्डामै समस्या भएको नेताहरुको स्विकारोक्ति छ । कसलाई कति कोटा दिने भन्ने विवादका कारण सहमति जुट्न सकेको छैन । तर जसपाका कार्यकर्ताहरु भने तत्काल केन्द्रीय समिति गठन गर्न पार्टी नेतृत्वलाई दबाब दिइरहेका छन् । पार्टीको कार्यकारी समितिमा नपरेका नेता तथा कार्यकर्ताहरुलाई केन्द्रीय समिति र राजनीतिक समितिमा राख्ने आश्वासन पार्टीका शीर्ष नेताहरुले दिएका छन् । त्यसैले ५१ सदस्यीय कार्यकारी समितिमा नअटाएकाहरु तुरुन्त केन्द्रीय समिति गठन गर्न पार्टी नेतृत्वलाई विभिन्न किसिमबाट दबाब दिइरहेका छन् ।

अहिले पार्टी अध्यक्ष अहिले ठाकुर अस्वस्थ छन । केही दिन अघि मात्र उनको नर्भिक अस्पतालमा मुटुको फलोअप उपचार गरिएको थियो । नर्भिक अस्पतालबाट डिस्चार्ज भए पछि उनी बेडरेष्टमा छन् । अहिले ठाकुर अस्वस्थ भएको कारण देखाउँदै जसपाका शीर्ष नेताहरुले केन्द्रीय समिति गठन गर्न आलटाल गरिरहेको नेताहरुको भनाइ छ । पूर्व समाजवादीका नेताहरुकाअनुसार भागबण्डामा पूर्व समाजवादीभन्दा पनि पूर्व राजपाका तत्कालीन ६ अध्यक्षबीचमै समस्या आएको छ । जसपामा केन्द्रीय समिति ७ सय १ र राजनीतिक समिति १ सय ५१ समिति बनाउने सहमति भएको छ । जस अनुसार ३ सय ५१ सदस्यको सिफारिश तत्कालीन राजपाले गर्ने छ भने ३ सय ५० सदस्यको सिफारिश तत्कालीन समाजवादीले गर्ने भएको छ ।

राजपाले पाएको ३ सय ५० सदस्यको कोटामै समस्या आएको हो । राजपाका तत्कालीन दुई अध्यक्ष राजकिशोर यादव र अनिल झाले सुरुदेखि नै असन्तुष्टी जनाउँदै आएका छन् । यादव र झालाई मनाउन नसक्दा पनि केन्द्रीय समिति गठन हुन ढिलो भएको बताइन्छ ।

**नेता व्यवस्थापनमा समस्या**

नेताहरुले पार्टीलाई बलियो राजनीतिक विकल्प बन्ने दाबी गरिरहेका छन/ तर यस्तो दाबी गर्ने नेताहरूले भने पार्टी एकीकरणको ६ महिना बित्दा पनि संगठनको स्वरुप दिन सकेका छैनन । पार्टी संरचना निर्माण र समायोजनका कामबारे प्रश्न गर्दा उनीहरू कोरोना महामारीलाई प्रमुख कारण बताउने गर्छन् तर सार्वजनिक कार्यक्रमको आयोजना र सहभागिता हेर्दा कोरोना महामारीलाई परवाह गरेको पाइँदैन/ । पार्टीभित्रका अधिकांश नेताले केन्द्रीय कार्यसमिति बनाउन नसक्ने नेतृत्वले नेकपा र कांग्रेसको विकल्प कसरी दिन सक्ला भन्ने प्रश्न पनि उठाउन थालेका छन् ।

जसपामा माथिल्लो तहका नेताहरूको व्यवस्थापन अहिले भएको छैन जसका कारण ७ सय ५१ सदस्यीय केन्द्रीय कार्यसमिति, १ हजार १ सय सदस्यीय संघीय परिषद्लगायत प्रदेश, जिल्ला, क्षेत्र र वडा तहसम्म समायोजन अलपत्र परेको छ ।

जसपाका नेताहरूलाई सकभर आफ्नो वर्चस्व कायम होस्, नभए पनि शक्ति कमजोर नहोस् मानसिकताले डोऱ्याएको छ/ । एकीकरणताकादेखि चर्केको नेता व्यवस्थापनको मुद्दा अहिलेसम्म यथावतै छ । निर्वाचन आयोगमा दल दर्ताका क्रममा ५१ जनाको पदाधिकारीको केन्द्रीय कार्यकारिणी समिति बनाइएको थियो/ । अहिले तिनै ५१ जना नेताहरूको पदीय बाँडफाँटमा नेताहरुबीच संघर्ष भइरहेको छ ।

जसपामा लामो समयदेखि भूमिकाविहीन बनेका अधिकांश केन्द्रीयस्तरका नेताहरू नै शीष पाँच नेताप्रति असन्तुष्ट छन् । गत साउन २१ देखि २४ गतेसम्म चलेको केन्द्रीय कार्यकारिणी समिति बैठकले पद बाँडफाँट टुंग्याउन नसकेपछि दुई अध्यक्ष ठाकुर र यादवका अतिरिक्त तीन वरिष्ठ नेता अशोक राई, बाबुराम भट्टराई र राजेन्द्र महतोलाई पदीय जिम्मेवारी र केन्द्रीय कार्यसमितिको टुंगो लगाउन जिम्मा दिएको थियो/ । यसबीचका प्रयास सफल हुन नसकेपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकमा फेरि यो एजेन्डाले प्रवेश पाउँदैछ । केन्द्रीय कार्यकारिणी समितिको बैठक कात्तिक ३ र ४ गतेका लागि बोलाइएको छ/ । ‘बैठकको पहिलो एजेन्डा पार्टीको विधान संशोधन र नियमावली सम्बन्धमा भनेर राखिएको छ,’ केन्द्रीय कार्यकारिणी समिति सदस्य केशव झाले भने । *मधेशवाणी*सँगको कुराकानीमा उनले संघीय परिषद् गठन तथा कार्यविभाजन, केन्द्रीय कार्यसमिति गठन तथा कार्यविभाजन र केन्द्रीय कार्यकारणी समितिको कार्यविभाजनसम्बन्धी एजेन्डामा पनि छलफल केन्द्रित हुने जानकारी दिए ।

## कांग्रेसको शान्तिपूर्ण धर्नामा प्रहरीको लाठी

मलंगवा । नेपाली कांग्रेसले सर्लाहीको मलंगवामा गरेको शान्तिपूर्ण धर्ना र प्रदर्शनमा प्रहरीले लाठी बर्साको छ । सर्लाहीको रामनगर गाउँपालिका-७ बस्ने महेन्द्र रामको मृत्यु प्रकरणको सत्य तथ्य छानबिनको माग गर्दै कांग्रेसले मलंगवामा प्रदर्शन गरेको थियो । त्यसक्रममा प्रहरीले अन्धाधुन्ध अश्रुग्यास र लाठी गर्दा दर्जनौ घाइते भएका छन् । मृतक रामको हत्याको छानबिन र उजुरी लिन माग गर्दै कांग्रेसको शान्तिपूर्ण प्रदर्शन जिल्ला प्रहरी कार्यालयअघि पुगेपछि प्रहरीले अन्धाधुन्ध अश्रुग्यास र लाठी चार्ज गरेको काँग्रेस नेता तथा सर्लाही क्षेत्र नं. ४बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा.अमेरश कुमार सिंहले जनाए । प्रहरीले सयौं राउण्ड हवाइ फायरसमेत गरेको दाबी सिंहले दाबी गरे । प्रहरीको लाठी चार्जबाट ५० जनाभन्दा बढी प्रदर्शनकारी घाइते भएको उनले जानकारी दिए ।

सांसद सिंह, नागेन्द्रकुमार राय, प्रदेश २ का प्रमुख सचेतक उपेन्द्र कुशवाहा, प्रदेशसभा सदस्य वीरेन्द्रप्रसाद सिंहलगायतका नेताहरु विरोध प्रदर्शन कार्यक्रममा सहभागी थिए । कांग्रेसले घटनाका दोषीलाई कारबाही तथा मृतक रामलाई सहिद घोषणा गर्न माग गरेको

*बाँकी अन्तिम पृष्ठमा*

## समय-सन्दर्भ

## सर्लाहीमा प्रहरीले कम्युनिष्टको अहंकार बोक्यो



**डा.अमरेश कुमार सिंह**

**प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस**

**० नेपाली कांग्रेस र सुरक्षाकर्मीबीच सर्लाहीमा के कारणले झडप भयो ?**

– हामी जिल्ला प्रहरी कार्यालय अगाडि शान्तिपूर्ण धर्ना र प्रदर्शनको पक्षमा थियौं । हत्या गरिएका महेन्द्र रामको श्रीमति, उनका भाई र हजारौं दलितहरु, जसमा बढी महिलाहरुको सहभागिता थियो, सहित हामी न्यायका लागि प्रदर्शन र धर्ना दिन गएका थियौं । हत्या भएको एक हप्ताभन्दा बढी समय बितिसक्दा पनि अहिलेसम्म प्रहरीले जाहेरी पनि दर्ता गरेको छैन, शव पनि पीडित परिवारलाई उपलब्ध गराएको छैन । प्रहरीले मृतक महेन्द्र रामको शव कब्जा गरी राखेको छ । दोषीमाथि कुनै किसिमको कानूनी कारबाही अगाडि बढाएको छैन । अहिलेका एसपी सन्तोष सिंह राठौरले सत्ताको दलाली गरेर नेकपाको कार्यकर्ताको रुपमा जनतालाई धम्की दिइरहेका छन् । हामी धर्ना र प्रदर्शन गरिरहँदा एकाएक अन्धाधुन्ध लाठीचार्ज भयो । त्यसमा तीन दर्जनभन्दा बढी काँग्रेस कार्यकर्ता घाइते भएका छन् । अहिलेका एसपी र डिएसपीको रवैया सुध्रिएन भने जनता प्रतिकारमा उत्रिन्छन् । मैले जनतालाई आह्वान गरिरहेको छु कि हामी शान्तिपूर्ण आन्दोलनको पक्षमा उभिनुपर्छ । सर्लाही जनता न्यायप्रेमी जनता हुन, दलितमाथि जुन अन्याय भएको त्यसको पक्षमा जनता उठ्छन् । त्यो शान्तिपूर्ण आन्दोलनको नेतृत्व हामी गर्छौं ।

**० शान्तिपूर्ण आन्दोलनमा ढुंगामुढा किन गराउनुभयो त ?**

– हरेक क्रियाको प्रतिक्रिया हुन्छ । तपाइँले विरोध प्रदर्शन कार्यक्रमको भिडियो हेर्न सक्नुहुन्छ । प्रदर्शनकारीले शान्तिपूर्णरुपमा न्यायका लागि प्रदर्शन नै गरिरहेका थिए तर सुरक्षाकर्मीले एकाएक अन्धाधुन्ध लाठीचार्ज गर्न थाले । प्रदर्शनकारीहरु त ढुंगामुढा बोकेर गएका थिएनन् । हामी त्यहाँ शान्तिपूर्ण धर्नाका लागि गएका थियौं । कम्युनिष्टको लोकतन्त्र यही हो कि जनताले न्यायका लागि शान्तिपूर्ण प्रदर्शन र धर्ना पनि दिन नपाउने ? प्रहरीको जुन ज्यादती र बर्बरता छ त्यो एकदमै निन्दनीय छ ।

**० महेन्द्र राम हत्याको जाहरी प्रहरीले किन लिन मानेको छैन त ?**

– किनकि महेन्द्र रामको हत्यामा नेकपाका दुई जना कार्यकर्ता सहभागी छन् । प्रहरी भन्छन्,

*बाँकी पृष्ठ ५ मा*




## सम्पादकीय

# कोरोनाकालीन दशैं

यो वर्ष कोरोना महामारीकाबीच नेपालीहरुको महत्वपूर्ण पर्व बडा दशैं सुरु हुँदैछ। कोरोनाको महासंकट झेलिरहेका नेपालीले दशैं कसरी मनाउने चिन्ताले ग्रस्त छन्। सरकारले पनि दशैंमा हुन सक्ने भीड नियन्त्रणका लागि 'भर्चुअल दशैं' मनाउन आग्रह गरेको छ।

फूलपातीदेखि पूर्णिमासम्म आफन्तसँग भेटघाटमा बित्ने भएता पनि दशैं लाग्नुभन्दा एक महिना अघिदेखि नै बजारमा भीडभाड बढ्न थालिसकेको छ। गाउँघर र शहरबजामा लाग्ने हाट बजारमा मानिसको चाप अधिक बढेको छ। सरकार वा सिडियोले आदेश गर्दैमा दशैंका बेला मानिसहरु बजारमा ननिस्किई घरैमा बस्न शायदै सक्लान्। सवारी साधनमा भीडभाड नगर्नू भन्ने सरकारको आदेश चाडबाडमा औपचारिकतामै सीमित हुन्छ। किनभने, दशैंको दबाव सामान्य बेलाको जस्तो हुँदैन। दशैं यस्तो चाड हो, जुन सरकार भन्दा पनि शक्तिशाली बनेर आउँछ। यो सामाजिक यथार्थ हो।

लकडाउनका ६/७ महिनासम्म व्यापार गर्न नपाएका व्यवसायीहरु दशैंमा थोरै भए पनि घाटा पूर्ति होला कि भन्ने आशमा छन्। घर जान नपाएकाहरु घर जाने सुरमा छन्। यिनै कारणहरुले गर्दा लकडाउनको दबाबमा परेर दबिएको अर्थतन्त्रलाई दशैंले उत्तोलकको काम गर्ने पक्कापक्की छ। सरकारले निषेधाज्ञा अन्त्य गरेर व्यवसाय

**दशैंको भीडभाडमा कोरोना संक्रमण अवश्य बढ्छ । मेडिकल साइन्सले दशैंलाई चिन्दैन । नेपालीहरुलाई दशैं-तिहार लागेको रहेछ है भनेर कोरोना भाइरस संक्रमण नभई चुप लागेर बस्दैन । त्यसैले दशैंमा भीडभाड कम गर्नु र संक्रमणको जोखिमबाट जोगिनुको विकल्प देखिँदैन ।**

खुकुलो बनाएसँगै कोरोना संक्रमणको दर बढेको बढ्यै छ। अब दशैंको मुखमा जति चहल-पहल बढ्दै जान्छ, संक्रमणको दर पनि समुदायस्तरमा त्यही गतिमा फैलँदै जान्छ। समाजमा दशैंको दबाव जति बढ्दै जानेछ, कोरोना संक्रमणको दबाव पनि त्यही मात्रामा बढ्न सक्छ।

कात्तिक १५ सम्मको मानवीय चहल-पहलबाट थप संक्रमण फैलन सक्ने जोखिम हाम्रो सन्निकटमा छ। कात्तिक १५ पछि तिहार आउँछ। तिहारपछि छठ आउँछ। त्यसपछि चिसो मौसम सुरु हुन्छ। जाडो याममा कोराना भाइरसको जोखिम झनै बढ्ने चिकित्सकहरुले बताइरहेका छन्।

निष्कर्षमा भन्ने हो भने दशैंको भीडभाडमा कोरोना संक्रमण अवश्य बढ्छ। मेडिकल साइन्सले दशैंलाई चिन्दैन। नेपालीहरुलाई दशैं-तिहार लागेको रहेछ है भनेर कोरोना भाइरस संक्रमण नभई चुप लागेर बस्दैन। त्यसैले दशैंमा भीडभाड कम गर्नु र संक्रमणको जोखिमबाट जोगिनुको विकल्प देखिँदैन। यस्तोबेला विज्ञ, डाक्टरले दिएका सुझावलाई पालना गर्नैपर्ने हुन्छ। संक्रमणबाट बच्न प्रत्येक नागरिकले आफैं सचेत रहनुपर्ने हुन्छ।

चाडबाड आयो भन्दैमा स्वास्थ्यसम्बन्धी प्रोटोकोललाई पालना गर्न बिर्सनु हुँदैन। आर्शीवाद थाप्ने भन्दैमा स्वास्थ्यको जोखिममा रहेका ज्येष्ठ नागरिककहाँ टीका थाप्न जानैपर्छ भन्ने सामाजिक मान्यतामाथि पनि यस वर्ष विचार गर्नु वाञ्छनीय हुने देखिन्छ। आफन्तजनको भेटघाटमा दुरी कायम गर्ने कुरामा सचेत बन्नैपर्ने बाध्यता छ। त्यसैले दशैंमा पनि सकेसम्म कम भेटघाट गर्ने उपायहरुको खोजी गर्न सकिन्छ। दशैंमा भीडभाड कम गर्ने र गराउने विषयमा राजनीतिक दल, तिनका भातृ संगठन र विभिन्न सामाजिक संघसंस्थाहरुले अहिलेदेखि नै सचेतना अभियानहरु चलाउनु उपयुक्त हुने देखिन्छ। सरकारले जारी गर्ने सूचनाहरु पनि त्यसैतर्फ लक्षित हुनु राम्रो। कोरोनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं। आसन्न दशैं हामी नेपालीका लागि दसा बनेर नआओस्।

अन्तमा, बडा दशैंको शुभ सन्देश भनेको आम नेपाली जनताबीच सद्भावना, मेलमिलाप, सहअस्तित्वबोध र ऐक्यवद्ध सांस्कृतिक चेतको जागरण पनि हो। कोरोनाले ग्रस्त र त्रस्त वर्तमान सन्दर्भमा बडा दशैं तथा विजया दशमीको सद्भाव, एकता र मेलमिलापको परम्परागत रूपमा अविरल प्रवाहित सन्देशले सबै नेपालीको मन-मस्तिष्कमा उज्यालो ल्याओस् र ऐक्यवद्ध सांस्कृतिक चेत जागृत गरोस्। यही नै हाम्रो शुभकामना।

# सरकार, सुशासन र जनअभिमत

**विचार-विश्लेषण** भाग-७०



उपेन्द्र झा

**दुईवटै पार्टीले विरासतमा पाएको यो धरोहरलाई आफ्नो असफलताको कारण मान्दैन । नेपालमा उत्तम तथा लोकप्रिय लोकतान्त्रिक व्यवस्था ल्याउन गरिएको जुनसुकै आन्दोलन सम्झौतामा टुँगिएर राज्यसत्ता समक्ष आत्मसमर्पण गरेको छ । आन्दोलनकारीहरुको दुई चारवटा अधिकारलाई संविधानमा लेखेर राखिदिएको छ । संविधानमा लेखिए पनि व्यवहार पक्ष उत्तिकै निर्मम छ र कुनै कुरा जनताले अनुभव गर्न सक्दैन । ओलीले भ्रष्टाचारमा हात हालेर आफ्नो असफलता निम्त्याएको हो ।**

देश र जनतालाई समृद्ध बनाउने राजनीतक दलहरुको दावा सैद्धान्तिक धरातलबाट प्रयोगमा आउन सकेन। ०१७ सालमा सबै राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाई पञ्चायती व्यवस्थाको एकल शासन पद्धतिले पनि नेपाललाई स्वीटजरल्याण्ड बनाउने दावाका साथ ३० वर्षसम्म शासन गऱ्यो। जनतासँग गरेको सो दावा मिथ्या साबित भएपछि पञ्चायती व्यवस्थाको एकलौटी शासन गर्ने शैलीमाथि प्रश्नचिन्ह लाग्यो र जनताले एकल शासन पद्धतिको अन्त गरि लोकतान्त्रिक शासन पद्धति स्थापना गऱ्यो। संसारमा लोकतान्त्रिक शक्तिले गरेको उन्नति र प्रगतिको सपना लिएर नेपाली जनताले पनि देशलाई समृद्ध बनाउन लोकतान्त्रिक पार्टीहरुलाई जनादेश दियो।

बडो उत्साह र जाँगरका साथ जनताले आन्दोलनको माध्यमबाट सत्ता खोसेर लोकतान्त्रिक शक्तिलाई राज्यसत्ता सुम्पियो। ०४६ सालमा लोकतन्त्रको पुनर्स्थापनाले पार्टीभन्दा जनताको सपना पूरा हुने आशले समग्र देश उत्साहित थियो। जनताले कांग्रेसलाई सरकार बनाउन बहुमत दियो र तत्कालिन एमालेलाई प्रतिपक्षमा राख्यो। भनिन्छ - "प्रथमे ग्रासेमक्षिकापातः।"

नेपाली काँग्रेसको आफ्नै पार्टीभित्रको ताण्डव, त्यसपछि प्रतिपक्षी ताण्डवले देशमा राजनीतिक अराजकताको सिर्जना भयो। महँगी, भ्रष्टाचार, असुरक्षा, अराजकता व्याप्त भएपछि ०५२ सालमा माओवादीको जन्म, ०५८ सालमा दरवार हत्याकाण्ड र त्यसपछि राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए। प्रजातन्त्र पुनर्स्थापनाका लागि गरिएको जनआन्दोलन नेपाली कांग्रेस र एमालेको कलहपूर्ण सरकार संचालनबाट मिथ्या साबित भयो। लोकतान्त्रिक पद्धतिमा जनताले बढि कष्ट महसूस गरे। त्यसपछि राजाबाट सत्ता खोस्ने नेपाली काँग्रेसको सडक आन्दोलनमा काठमाडौंमा ५० जना मानिस जम्मा हुँदैन्थ्यो। जनतामा लोकतान्त्रिक शक्तिबाट आएको विरक्तिको यो ठूलो उदाहरण थियो। जनताले सजाएको लोकतान्त्रिक शासन प्रणालीको सपना टुटेको थियो।

लोकतान्त्रिक शासन प्रणाली नराम्रो होईन। त्यसैले त सयकडौं शहादत दिएर पटक पटक संघर्ष जनताले आखिर यही व्यवस्थालाई मन पराएर ल्यायो। अनुभवी राजनेताहरुद्वारा संचालित शासन व्यवस्थामा लोकतन्त्रको यस्तो विकृत रुप किन देखापऱ्यो ? ०१७ सालमा राजाको षडयन्त्र प्रजातन्त्र मास्ने कारण बनेको थियो। ०५८ सालको दरवार हत्याकाण्डपछिको राजा त धेरै कमजोर थियो। राजाले कसरी शासन सत्ता हातमा लिए ? प्रजातन्त्र कमजोर हुनुको ठूलो कारण नेपाली कांग्रेसका नेताहरुमा निजी स्वार्थको डरलाग्दो स्वरुप, भागबण्डाको लडाई तथा गुट, उपगुटको पारस्परिक कलहबाट सिर्जित अराजक अवस्था थियो। जनता र देश विकासको कार्यको कुनै महत्व थिएन। शासन सत्तामा नेपाली कांग्रेसको कार्यशैलीबाट काँग्रेस धेरै बदनाम भयो। व्यक्ति स्वार्थ र भागबण्डामा एमाले पनि पछि थिएन तर नेपाली कांग्रेस जस्तो नाँङ्गो थिएन। नेपाली जनताले वाक्कदिक्क मानेर लोकतान्त्रिक शक्तिको विकल्प खोज्नु लोकतान्त्रिक शक्तिको ठूलो दुर्भाग्य थियो।

माओवादीको शान्तिपूर्ण अवतरणपछि जनतामा पुनश्चः ठूलो आश जाग्यो। बाटो बिराएका नेपाली कांग्रेस तथा एमाले सच्चिएर माओवादीसँग मिलेर सरकार संचालन गर्छ किभन्ने जनताको आश थियो। ०६२ सालमा राजाको हातबाट शासन सत्ता लिनका लागि तीनवटै पार्टीले काठमाडौंमा भीषण जनआन्दोलन गऱ्यो। फलस्वरुप सत्ता पुनश्चः यिनीहरुको हातमा आयो।

झण्डै १७ वर्षको प्रजातान्त्रिक अभ्यासमा मधेशको अपेक्षा नसमेटिएपछि ०६३ सालमा मधेशले विद्रोह गऱ्यो। संविधान सभाबाट संविधान बनाउने बहुप्रतिक्षित विचार साकार पार्न गरिएको मधेश आन्दोलनले अन्ततः संविधान सभाको चुनाव गराउन बाध्य पाऱ्यो। नेपाली कांग्रेस र एमालेको स्वार्थलिप्सा देशभन्दा पनि ठूलो रहेकोले अवसर पाए नचुक्ने राजनीतिको तल्लो स्तरको यो संस्कारबाट मुक्त हुन सकेको थिएन। पार्टीभित्र अवसर पाउने र नपाउनेको अन्तहीन संघर्ष चल्दै रह्यो। माओवादी पार्टीको अन्तर्संघर्ष विभाजनको कारण बन्यो भने अरु पार्टीहरु गुट उपगुटमा विभाजित थियो।

सरकारको पहलो जिम्मेवारी देश र जनताप्रति उत्तरदायी रह्ने नीतिगत कुरा राखे पनि अहिलेसम्म जुनसुकै सरकारले निजी स्वार्थलाई नै प्राथमिकतामा राखेर सरकार चलाएको देखिएको छ। यसले सरकारको कार्यक्षमतामाथि सधैं प्रश्न उठ्दै रह्यो तथा सरकारहरु पनि आफ्नो कार्यकाल पूरा नगरि ढल्दै रह्यो। विगतका यी घटनाहरुबाट आउने कुनै सरकारले शिक्षा लिएन। बरु आफ्नो स्वार्थ लिप्सालाई नै निरन्तरता दिई रह्यो।

संविधान सभाको स्थापनाकालदेखि बैदेशिक सहयोगको मात्रा बढ्दै गएको कारणले पार्टीहरुमा धन संग्रह गर्ने महत्वाकाँक्षा तीव्र रुपमा बढ्यो। नमरुञ्जेल सत्तामा बनिरह्ने आकाँक्षाले धन संग्रहतिर बढि प्रेरित गऱ्यो। चुनावमा खर्च गरि जितेर आउने र सत्तामा आफूलाई शाश्वत रुपमा स्थापित गर्ने सबैको एउटै चाहना प्रवल रुपमा विकसित भएपछि जनता समक्ष सरकारको विकृत रुप देखिनु स्वाभाविक थियो।

माओवादी पनि अपवाद रह्न सकेन। उनले पनि व्यक्तिगत स्वार्थलाभको धारणालाई तिलाँजली दिई देशको उन्नती, प्रगतिबारे कुनै ठोस कार्य गर्न सकेन। राज्यसत्ताले माओवादीलाई पनि आफ्नो प्रभावमा लिएर कैद गरि सक्को जनताले अनुभव गर्न थाल्यो।

राजा शासनकालमा चुनाव यति महँगो भएको थिएन। पञ्च भनाउँदाहरु जेकोही पनि जितेर आउने सहजता थियो। लोकतान्त्रिक व्यवस्थामा १०, २० करोड त न्यूनतम् खर्च हो। विगतको चुनावमा ५० करोडसम्म उम्मेदवारले खर्च गरेको सुन्दा कम्युनिष्ट शासनमा यस्तो पनि हुँदो रहेछ, विश्वास लागेको थिएन। पैसाको प्रलोभनबाट मतदातालाई प्रभावित गर्न पाइन्न भनेर कम्युनिष्ट सरकारले निर्वाचन आयोगलाई आचारसंहिता पनि बनाएर दिएको छ। तर पनि खर्च भएको छ। खर्चको चर्चा गर्दा यी सबै प्रोपगेण्डा हुन् भनेर गंगाजल छर्केर चोखिने जुक्ति कम्युनिष्टले पनि धेरै सिकेका छन्।

सबैको विरोध गर्ने मेरो मनसाय होइन। पहिलेभन्दा परिष्कृत भएर उन्नत, प्रगतिशील, स्वच्छ र जन उत्तरदायी लोकतान्त्रिक शासन प्रणालीको जनताले अपेक्षा गरेको थियो। तर पहिलेभन्दा बदत्तर स्तरको सरकारको कार्यशैली भेटेपछि जनता कहाँ जाऊन्। नेकपा र नेपाली कांग्रेसले निर्विकल्प प्रभुसत्ता कायम गरेदेखि जनताको लागि कम्युनिष्टको विकल्प कांग्रेस भएपछि एकपल्ट कम्युनिष्ट अर्कोपल्ट काँग्रेसको सरकार प्रष्टिएको छ। सरकारको कार्यशैली जस्तोसुकै रहेपनि जनताले पालैपालो शासन स्वीकार गरि बस्ने चलन बनाएको कुराले दुबै शक्तिको प्रभूत्व त्यसै प्रष्ट हुन्छ। कम्युनिष्ट सरकारमा बस्दा काँग्रेसले भागपाउने तथा नेपाली काँग्रेसको सत्ता आउँदा कम्युनिष्टले भाग पाउने ०४६ सालदेखि बसाइएको चलनअनुसार सत्ता चलिरहेको छ।

भारतसँग लड्ने बहाना झिकी राष्ट्रवादी शक्तिलाई गोलबन्द पारि दुईतिहाई नजिक पुगेको केपी शर्मा ओली शक्तिशाली सरकार बनाउन सफल भयो। चीनको भरपूर सहयोग प्राप्त यो सरकारलाई देश विकास गर्न कुनै किसिमको बाधा अड्चन थिएन। तर पनि ओली सरकार शिथिल भयो। भ्रष्टाचार, अनियमितता, महँगी, असुरक्षा, हत्या हिंसा, बलात्का आदि जस्ता असामाजिक गतिविधि बेरोकटोक हुन लागेकोले राजनीतिक अराजकताको अवस्था सिर्जना भएको छ।

सधैं शीर्ष स्थानमा रहेको नेपाली काँग्रेस यसपाली ओलीको राष्ट्रवादी मतदाताले पत्याएन र नेपाली काँग्रेस खुम्चिएर बसेको छ। ओली कै शिकार भएर कमजोर मनस्थितिमा पुगेको नेपाली कांग्रेस अहिले गुट उपगुटको पारस्परिक कलहमा फँसेकाले सरकार र देशको चिन्ता त्यागेको छ। ओली सरकारको शक्ति किन ह्रास भयो, कारण बुझ्न सबै जिज्ञासु भएका छन्।

ठूलो अनुसन्धानको विषय भएको छ कि जति सरकार आए सबै स्वार्थी किन भए ? देश र जनताप्रति कोही किन उत्तरदायी भएनन् ? भ्रष्टाचार गरेर अकूत सम्पत्ति कमाउने र आफूबाहेक सत्तामा कसैलाई आउन नदिने यस्तो चुनाव प्रणाली किन बनायो ? जनतालाई पढाउने दर्शन यिनी आफै किन बिर्से ? सत्तामा जो आएपनि पारम्परिक चलनलाई निरन्तरता दिनु पर्ने तिलस्मी प्रभाव के हो ? शक्तिशाली तथा प्रगतिशील ओली सरकार असफल किन भयो ? धेरै प्रश्नहरु जनता समक्ष तेर्सिएका छन्।

सरकारहरुको असफलताबारे बुद्धि अनुसार आफ्नै आफ्नै तर्क छ। यो पंक्तिकारको पनि आफ्नै तर्क छ। कुनै पनि सरकार सफल नहुनुको कारण राज्यसत्ता हो। तर दुईवटै पार्टीले विरासतमा पाएको यो धरोहरलाई आफ्नो असफलताको कारण मान्दैन। नेपालमा उत्तम तथा लोकप्रिय लोकतान्त्रिक व्यवस्था ल्याउन गरिएको जुनसुकै आन्दोलन सम्झौतामा टुँगिएर राज्यसत्ता समक्ष आत्मसमर्पण गरेको छ। आन्दोलनकारीहरुको दुई चारवटा अधिकारलाई संविधानमा लेखेर राखिदिएको छ। संविधानमा लेखिए पनि व्यवहार पक्ष उत्तिकै निर्मम छ र कुनै कुरा जनताले अनुभव गर्न सक्दैन। ओलीले भ्रष्टाचारमा हात हालेर आफ्नो असफलता निम्त्याएको हो। जतिसुकै परिवर्तनकारी शक्ति आएपनि राज्यसत्ताको भावनाअनुसार चलेन भने त्यो सरकार टिक्दैन। ओली पनि त्वम् शरणम् गरि सकेकोले यो सरकारको शिथिलता देखिएको हो। राज्यसत्तामा आमूल परिवर्तन नगरिकन देश र जनताको प्रगति घोषणा पत्रमा मात्र सीमित रहनेछ।

janukjha24@gmail.com

## सर्लाहीमा...

नेकपाको कार्यकर्तामाथि मुद्दा चलाउन पाइँदैन। संविधान र मानवअधिकारको भावना यो होइन कि सत्तारुढ दलका नेताले अपराध गर्न पाउनुपर्छ। अपराधी जोसुकै होस्, कारबाही हुनुपर्छ। कुनै पार्टी वा सत्ताको उन्मादमा दोषीलाई उम्काउने जुन खेल हुन्छ, त्यसलाई जनताले सहन सक्दैन। दलितमाथि अहिले श्रृंखलाबद्धरुपमा ज्यादती भइरहेका छन्। धनुषामा प्रहरी हिरासतमा दलितलाई कुटेर मारिएका घटनाहरु पनि ताजै छ। जनता उठेपछि एसपी र डीएसपी निलम्बन भएका छन्। यहाँका जनता पनि उठ्छन् र एसपी र डीएसपी निलम्बनमा पर्छन्।

**○ महेन्द्र रामको शव प्रहरीले किन दिन नमानेको होला ?**

– महेन्द्र रामको शव प्रहरीले आफनो कब्जामा राखेको छ। घटनाको दिन म त काठमाडौंमा थिएँ। पीडित परिवारले न्याय नपाएपछि आफ्नो निर्वाचन क्षेत्रमा आएर आवाज उठाउँदै छु। मेरै निर्वाचन क्षेत्रका दलितले यदि न्याय पाउँदैन भने म केको लागि जनप्रतिनिधि हो ? तलब र भत्ता मात्रै खानका लागि जनप्रतिनिधि बनेको होइन। यसकारणले, महेन्द्र रामको शव किन दिन मानिरहेको छैन भन्ने कुरा यहाँका एसपी र डीएसपीलाई सोध्नुस्। एसपीलाई सोध्नुस् कि महेन्द्र रामको शव परिवारलाई किन दिइएन, उसको दाहसंस्कार किन भएन ? यो लोकतन्त्र हो। लोकतन्त्रमा जनताले तानाशाह स्वीकार गर्दैन। हामीले दलितको न्यायका लागि अहिले गाउँ-गाउँ जनतालाई जनगरुक बनाइरहेका छौं। हाम्रो नारा नै हो कि 'चलु मलंगवा, भरु मलंगवा'। हामी लोकतन्त्रमा विश्वास गर्ने पार्टी हो। यो मेरो व्यक्तिगत आन्दोलन होइन, सम्पूर्ण न्यायप्रेमी जनताको आन्दोलन हो र यसको नेतृत्व नेपाली कांग्रेसले गरिरहेको छ। प्रहरीको यो दमनप्रति नेपाली कांग्रेसका सम्पूर्ण देशभरिकै नेता कार्यकर्ताको ध्यानाकर्षण भएको छ। महेन्द्र रामका परिवारले यदि न्याय पाएन भने कांग्रेसले प्रदेश २ मात्रै होइन, देशब्यापी आन्दोलनको घोषणा गर्छ।

**○ तर, शव नदिनुको कारण तपाईं के देख्नुहुन्छ ?**

– यहाँका एसपी सन्तोष सिंह राठौर कुनै जमानामा प्रचण्डजीको पीएसओ (पर्सनल सेक्युरिटी अफिसर) थिए। उनलाई लाग्या होला म नै प्रचण्ड हो, मलाई कसैले छुन सक्दैन। त्यसकारणले प्रचण्डजीको कार्यकर्तालाई मुद्दा लगाउन मिल्दैन। प्रचण्डजीको नाम लिएर एसपी राठौरले यहाँका जनतालाई धम्काइरहेका छन्। तर, प्रचण्डको नामबाट सर्लाही वा मधेशका जनता डराउनेवाला छैनन्। मैले संसदमा पनि भन्ने गरेको छु कि अहिले नेपाल प्रहरी होइन, नेकपा प्रहरी छ। नेकपा प्रहरीको संख्या यदि ८० हजार छ भने नेपाली कांग्रेसको पनि सम्पूर्ण न्यायप्रेमी जनता प्रहरी नै हुन। हरेक जनता कांग्रेसका लागि प्रहरी छन्। त्यसले गर्दा आजको दिनमा पनि जति नेपाल प्रहरी छन्, त्यसको हजार गुणा बढी कांग्रेसका कार्यकर्ता छन्।

**○ बुधबार प्रदर्शन गर्दा झडप भयो, सयौं घाइते भए। अब के गर्नुहुन्छ ?**

– फेरि हामी प्रदर्शन गर्छौं। अहिले पनि तपाइँसँग कुरा गरिरहँदा म गाउँ-गाउँमा जनताका बीच गएर छलफल र सल्लाह गर्दैछु। जनतालाई बताइरहेको छु कि दलितमाथि अन्याय भइरहेको छ अब हामी उठ्नैपर्छ। जनताले पनि बुझिरहेका छन्। जनतालाई बुझाउने काम मेरो हो, न्यायका लागि साथ दिने काम जनताको हो। हामीले चरणबद्ध रुपमा आन्दोलनका कार्यक्रमहरु घोषणा गर्दैछौं। बन्द, हडतालदेखि लिएर आमरण अनसनसम्मको आन्दोलनका कार्यक्रमहरु हनेछन्।

# यही कार्यकालमा प्रदेशलाई आत्मनिर्भर बनाउँछौं

**० प्रदेश २ मा कोरोना महामारीको अवस्था के छ ?**

– कोरोना महामारीबाट पूरा विश्व नै प्रभावित छ, त्यसमा हामी पनि अछुतो छैनौं। प्रदेश २ मा सुरुमा जसरी संक्रमितहरुको संख्या बढिरहेको थियो, निश्चितरुपमा अहिले प्रदेश २ मा घटेकै हो। संक्रमणको जाँचको दायरा बढाउनुपर्ने अवस्था हामीले पनि महसुस गरिरहेका छौं, जुन हामीले गर्न सकिरहेका छैनौं। तैपनि पहिलाभन्दा अहिले अलि कम नै भएको छ।

**० तर, प्रदेश सरकारले अहिले जाँच नै गरिरहेको छैन अनि संक्रमण कम भयो भनेर कसरी भन्न सक्नुहुन्छ ?**

– प्रदेश सरकारले आठै जिल्लामा पीसीआर मेसिन खरिद गरेर राख्ने, आइसोलेसन वार्डहरु खडा गर्ने प्रक्रियामा लागेको छ। हामीले संक्रमितहरुको ट्रेसिङ्ग गरेर जाँच अहिले पनि गरिरहेका छौं। जाँचको दायरा अझै फराकिलो बनाउनुपर्ने आवश्यकता छ। तर पहिलाको जस्तो प्रदेश २ मा संक्रमितहरु फेला परेका अवस्था छैन।



**० पीसीआर मेसिन खरिद गर्ने प्रक्रिया रोकिएको हो नि ?**

– पीसीआर मेसिन खरिद गर्ने प्रक्रिया रोकिएको छैन, अहिले पनि प्रक्रियामै छ। अहिले वीरगन्ज, राजविराज र जनकपुरमा पीसीआर टेष्ट भइरहेको छ। पीसीआर मेसिन खरिदको प्रक्रिया अगाडि बढिसकेको छ। केही दिनमै आठवटै जिल्लामा पीसीआर मेसिन जडान हुन्छ।

**० तर, कमिशन नमिलेको कारण पीसीआर मेसिन खरिद प्रक्रिया रोकिएको हो भन्ने आरोपहरू पनि छन् ?**

– कमिशनकै कारण पीसीआर मेसिन खरिद प्रक्रिया रोकिएको भन्ने कुराहरु अफवाह मात्रै हुन्। खरिद ऐनले जुन मापदण्ड दिएको छ, त्यो आधारमा खरिद प्रक्रिया अगाडि बढ्ने हो। कहाँबाट कमिशनका कुराहरु आउँछन्, हामीलाई थाहा छैन। खरिदको लागि विधि र प्रक्रिया हुन्छ, त्यहीअनुसार काम गर्ने हो। कमिशनका कुराहरु हामी पनि मिडियाबाट सुन्ने गरेका छौं तर त्यस्तो हुँदैन।

**० प्रदेशका मन्त्रीहरूमाथि कमिशनको आरोपहरू थुप्रै छन् नि ?**

– त्यस्ता आरोपहरु मात्रै छन्। कसैमाथि आरोप लगाउन सजिलो छ, तर त्यसलाई प्रमाणित गर्नुपर्‍यो। यदि भ्रष्टाचार भएका छन् भने त्यसको निगरानी गर्ने विभिन्न निकायहरु छन् नि। अहिलेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै पनि मन्त्रालयको कामकारबाही पारदर्शी भएको छैन वा अनियमितता भएको छ भनेर कारबाही गर्न सकेको छैन। हावातालमा मात्रै भ्रष्टाचार भएको छ भनेर हुँदैन, प्रमाण दिनुपर्‍यो। यदि कसैले भ्रष्टाचार गरेको छ भने उसलाई छोड्नु पनि हुँदैन।

**० अख्तियारमा सबभन्दा बढी उजुरी प्रदेश २ बाटै परेको छ त ?**

– उजुरी परेकाहरुमाथि छानबिन हुनुपर्‍यो, दोषी ठहरिएकालाई कारबाही हुनुपर्‍यो। कुनै कार्यक्रम वा आयोजनामाथि उजुरी पर्ने बित्तिकै भ्रष्टाचार भएकै हुन्छ भन्ने कुरा हुँदैन।

**० अहिले कोरोना संक्रमण कम भएको छैन, दिनप्रति दिन संक्रमितहरू बढ्दै गएका छन्। तर तपाईंको पार्टी जसपाले भेला र सभाहरू गर्दैछ। जनताको स्वास्थ्यसँग खेलवाड होइन ?**

– हाम्रो पार्टीले सुरक्षा सतर्कता अपनाउँदै कार्यक्रमहरु गर्दैछ। यसमा हामी सचेत छौं। पार्टीका जिम्मेवार नेताहरुले सुरक्षा सतर्कता अपनाएर नै भेला वा सभाहरु गरिरहनुभएको छ। कार्यक्रमहरु हुँदा सामाजिक दूरी कायम गर्ने, मास्क लगाउने, सेनिटाइज गर्ने लगायतका उपायहरु अपनाएरै भइरहेको छ। अब हामीले कोरोनासँग आफ्ना गतिविधि अगाडि बढाउनुपर्ने हुन्छ। लामो समयसम्म लकडाउन पनि रह्यो। अब हामीले सुरक्षा सतर्कता अपनाएर कार्यहरुलाई निरन्तरता दिनुपर्छ।

**० प्रदेश २ कृषिमा आधारित रहेको छ, कृषिलाई केन्द्रमा राखेर विभिन्न योजनाहरू पनि ल्याउनुभएको छ। तर कार्यान्वयनमा प्रभावकारिता देखिएको छैन ?**

– प्रदेश २ का आठवटै जिल्लाको मुख्य स्रोत नै कृषि हो। यस प्रदेशका विकास र समृद्धि कृषिमा नै निर्भर भएकोले प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्राथमिकता कृषि नै हो। जसअनुरुप प्रदेश सरकारले यहाँका किसान लक्षित कार्यक्रमहरु लागू गरिरहेको छ। कृषिलाई कसरी आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण गर्ने सवालमा प्रदेश सरकारले गत वर्ष र यस वर्ष पनि विभिन्न योजनाहरु बनाएको छ। गत वर्ष हामीले किसानहरुलाई कृषि उपकरणहरु उपलब्ध गराएका थियौं। ५० प्रतिशत अनुदानमा हामीले किसानलाई कृषि उपकरण उपलब्ध गराएका छौं। मलखादको सवालमा रासायनिक मलखाद वितरण संघीय सरकारको मातहतमा छ। समय-समयमा मलखादको हाहाकार हुने गरेको छ, त्यसको कारण हो प्रदेश सरकार मातहत रासायनिक मलखाद छैन। हामी दुई वर्षदेखि पहल गर्दैछौं कि रासायनिक मलखाद आपूर्ति प्रदेश सरकारको मातहत दिनुपर्‍यो तर अहिलेसम्म संघीय सरकारले दिन चाहिरहेको छैन। तैपनि हामी रासायनिक मलको विकल्पमा अर्गानिक मलप्रति किसानलाई आकर्षित गर्नका लागि गत वर्ष हामीले ७५ प्रतिशत अनुदानमा उपलब्ध गराएका थियौं। यो वर्ष हामीले अर्गानिक मलको कारखाना नै लगाउने सवालमा प्रदेश सरकारले कार्यक्रम र योजना ल्याएको छ। यसैगरी, माटो परीक्षणको सवालमा पनि हामीले यो वर्ष प्रत्येक पालिकामा माटो परीक्षण शिविर लगाउने योजनामा छौं। माटो परीक्षण प्रयोगशाला हामीले निर्माण गरिसकेका छौं। त्यसलाई हामी व्यवस्थित गर्दैछौं। सम्पूर्ण पालिकामा किसानहरुको सहभागितामा शिविर लगाउने र माटो परीक्षण गर्ने कामहरु अगाडि बढ्छ। रासायनिक मलखाद उद्योग स्थापना गर्ने संघीय सरकारकै योजनामा छैन भने प्रदेश सरकारको कुरै नगरौं। प्रदेशलाई साधनस्रोतले नै भ्याउँदैन। हामीले अर्गानिक मलको कुरा गरेका छौं, त्यो एक दुई वर्षदेखि लागू हुन्छ। तीन तहकै सरकार भइसकेपछि सबैको आआफ्नो जिम्मेवारी दिनुस् भनिरहेका छौं। रासायनिक मल जसरी संघीय सरकारमार्फत् नै आपूर्ति हुन्छ भने त्यसको वितरण प्रक्रियाको जिम्मा प्रदेश सरकारलाई दिनुस् भनिरहेका छौं। यस विषयमा संघीय सरकारले आगामी वर्षदेखि ठोस नीति ल्याउने आश्वासन दिएको छ।

**० किसानले मेहनत गरेर उब्जाएको खाद्यवस्तुले उचित मूल्य पाइरहेको हुँदैन, कतिपय अवस्थामा बजारसम्म पनि पुर्‍याउन नसक्ने कुराहरू देखिएको छ। यस विषयमा के छ योजना ?**

– स्वाभाविकरुपमा किसानले उत्पादन गरेका खाद्यवस्तुलाई उचित मूल्य र बजारसम्म पहुँचका लागि प्रदेश सरकारले काम सुरु गरिसकेको छ। विगतमा किसानले उत्पादन गरेका वस्तुहरु भण्डारण गर्ने समस्याहरु थिए। अहिले प्रदेश सरकारले आठवटै जिल्लामा भण्डारण निर्माण थालनी गरिसकेको छ। अहिले विचौलियाहरुको कारणले किसानहरु मर्कामा परेका छन्, लगानी पनि आउने अवस्था छैन। किसानहरुको पहुँच सिधा बजारसम्म कसरी पुर्‍याउने भन्ने विषयमा प्रदेश सरकारले केही योजना र कार्यक्रमहरु बनाएको छ। यो वर्षदेखि यस्ता समस्याहरु समाधान हुँदै जानेछन्। एकैचोटि यस्ता समस्या समाधान हुँदैन तर हामी प्रक्रियामा लागेका छौं। किसान र बजारको बीचमा जसरी विचौलियाहरु अहिले खेलिरहेका छन्, त्यसलाई कम गर्ने प्रयास गर्दैछौं।

**० किसानलाई बजारसम्म पहुँच पुर्‍याउने योजनाहरू के-के छन् ?**

– अस्ति भर्खरै नेपाल सरकारले धानको न्यूनतम् समर्थन मूल्य तोक्यो। प्रदेश २ को मुख्य बाली नै धान हो। पहिला जसरी व्यापारीलाई किसानले कमै मूल्यमा धान बेच्नुपर्ने बाध्यता थियो त्यो अब हुँदैन। सरकारको निकायले किसानबाट धान किन्छ र त्यसमा विचोलियाले खेल्न पाउँदैन। यस्तै अन्य योजनाहरु पनि बनाउँदैछौं।

**० प्रदेश २ का जनताले प्रदेश कृषि मन्त्रालयबाट अहिलेसम्म के कस्ता सहुलियत पाएका छन् ?**

– सुरु-सुरुमा हामीसँग संरचना नै थिएन। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत काम गर्ने निकायहरु पनि थिएन। त्यसपछि हामीले आठवटै जिल्लामा कृषि ज्ञान केन्द्र स्थापना गर्‍यौं। त्यसमार्फत् यहाँका किसानहरुलाई सुविधाहरु प्रदान गरिरहेका छौं। साना सिंचाइका लागि पनि हामीले किसानहरुलाई बोरिङ्गहरु उपलब्ध गरायौं। कृषि उपकरणहरु जस्तै, ट्‍याक्टर, थ्रेसर लगायत विभिन्न किसिमका आवश्यकीय उपकरणहरु पनि गत वर्ष वितरण गर्‍यौं। त्यसैगरी, पशुपालन क्षेत्र (गाई, बाख्रा, भैंसी, कुखुरा, माछा)मा पनि हामीले किसानलाई व्यावसायिकरुपमा गर्ने अनुदानस्वरुप उपकरणहरु उपलब्ध गराएका छौं। हामीले खासगरी खाद्यान्न उत्पादनको क्षेत्रमा ७५ प्रतिशत अनुदानमा मलखाद उपलब्ध गराएका छौं। समग्रमा भन्नुपर्दा हामीले उत्पादनमुखी कृषि कार्यमा अनुदान दिने गरेका छौं।



## शैलेन्द्र प्रसाद साह

### भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, प्रदेश २

**० यो प्रदेश सरकारले आफ्नो आधा कार्यकाल पूरा गरिसकेको छ। बाँकी कार्यभित्र तपाईंहरूले गर्नुभएको प्रतिबद्धता पूरा गर्न सक्नुहुन्छ ?**

– हामीले गरेको प्रतिबद्धता हामी पूरा गर्छौं। अहिले जुन अनुपातमा उत्पादन भइरहेको छ, त्यसमा दुई वर्षभित्र दोब्बर उत्पादन गराउने प्रतिबद्धता गरेका छौं। त्यो प्रतिबद्धता पूरा गर्न हामी लागिपरेका छौं। दोब्बर उत्पादनका लागि हरेक क्षेत्रबाट गरिने कामहरु कही सम्पन्न भएका छन्, केही सम्पन्न हुने क्रममा छ र केही योजनाहरु बाँकी छन् जुन हामी गर्नेछौं।

**० भनेपछि यही कार्यकालभित्र प्रतिबद्धता पूरा हुन्छ ?**

– हामीले यो कार्यकालमा किसानलाई आधार आवश्यकतादेखि लिएर सम्पूर्ण प्रक्रियागत कुराहरु पूरा गर्छौं। धेरै कुराहरु हामीले नीति नियमको अभावले पनि गर्न सकिरहेका थिएनौं। हामीले दिनहुँ नयाँ-नयाँ संरचनाहरु निर्माण गरिरहेका छौं। भर्खरै हामीले दुग्ध विकास बोर्ड ऐन सदनबाट पारित गरेका छौं। प्रदेश २ सातै प्रदेशमध्ये दुग्ध उत्पादन क्षेत्रमा अग्रिम स्थानमा रहेको छ। तैपनि हामीले यहाँ दुधमा आत्मनिर्भर छैनौं। अब यो प्रदेशमा दुध उत्पादनका लागि 'हुलाकी राजमार्ग दुध मिशन कार्यक्रम' ल्याएका छौं। यसले प्रदेशलाई दुधमा आत्मनिर्भर बनाएर अन्य प्रदेशमा पनि निर्यात गर्ने योजना रहेको छ। त्यस्तै, प्रदेशमा हरेक कृषिजन्य पदार्थ सम्भावना भएको प्रदेश हो। तर, हामीले अर्बौं रुपैयाँको खाद्य पदार्थ आयात गरिरहेका छौं। यो कार्यकालभित्र प्रदेशलाई आफैमा आत्मनिर्भर बनाएर निर्यात गर्ने वातावरण निर्माण गर्दैछौं।

**० प्रदेशमा सचिवहरू छोटो अवधिमा नै किन सरूवा भइरहेका हुन्छन् ? काम गर्ने वातावरण छैन कि ?**

– यो प्रदेशमा आउने सचिवहरुलाई नै यो प्रश्न गर्दा स्पष्ट हुन्छ। प्रदेश जस्तो वातावरण कुनै पनि प्रदेशमा छैन। यहाँ नियोजित तरिकाले संघीय सरकारले दुई/तीन महिनामा सचिव सरुवा गरिरहेको छ। जसले गर्दा प्रदेश २ मा अस्थिरता कायम गरेको छ, काम नहुने वातावरण बनाएको छ। यसको विरुद्ध मैले आवाज पनि उठाएको थिएँ। अस्ति पनि मैले सामान्य प्रशासनमन्त्रीलाई भनेको थिएँ कि यो प्रवृत्तिलाई सुधार गर्नुस् अन्यथा भोलीको दिनमा त्यहाँबाट आएका सचिवलाई फर्काउन नपरोस्। अहिलेसम्म मेरो मन्त्रालयमा ६ वटा सचिव सरुवा भइसकेको छ।

**० तपाईंको मन्त्रालयमा आएका सचिवलाई तपाईंले हाजिरी नै गर्न दिनुभएन नि ?**

– मैले हाजिरी गर्न नदिएको होइन, यो प्रवृत्ति नदोहोर्‍योस् भनेर आग्रह गरेको थिएँ। तर, यसलाई सामान्य प्रशासनमन्त्रीले हल्का रुपमा लिनुभयो। अनि मैले भने कि यस्तो गर्नुभयो भने काम गर्न हामीलाई अप्ठ्यारो हुन्छ, यो प्रवृत्तिलाई सुधार गर्नुस् भन्ने आग्रह मात्रै गरेको थिएँ।

**० सबै प्रदेशले राजधानी टुंगो लगाइसके, पाँच वटा प्रदेशले नामाकरण गरिसके तर प्रदेश २ किन सकस ?**

– प्रदेशको नामाकरण र राजधानीका लागि हामीले प्रयास गरेकै हौं। हामीले नाम र राजधानीको प्रस्ताव प्रदेशसभामा ल्याएकै थियौं तर पास हुन सकेन। हामीले फेरि प्रयास गर्दैछौं, छठपछि नाम र राजधानीमा सहमति जुटाउने प्रयास गर्छौं।

**० प्रदेश २ को राजधानीको सन्दर्भमा लगभग सबैको सहमति नै थियो। तर नाम टुंगो नलागेसम्म राजधानी पनि टुंगो लाग्न नदिने तपाईंहरूले अडानका कारणले राजधानी पनि अन्योल भयो नि ?**

– त्यस्तो हाम्रो नियत होइन। राजधानीको सन्दर्भमा पनि तीनै दलबीच सहमति जुटाउने प्रयास गरेका थियौं तर हुन सकेन। तर अब छठपछि सहमति जुट्छ।

**० यो सरकारले आफ्नो कार्यकालभित्र नामांकन गर्न सक्छ त ?**

– मैले त भनिसकें छठपछि हामी टुंगो लगाउँछौं।

**० तर, कसरी ?**

– हामी सहमतिको आधारमा गर्छौं। अहिले हामीसँग सामान्य बहुमत मात्रै छ। नामांकन र राजधानीको संसदमा दुई तिहाइको बहुमत चाहिन्छ। त्यसकारण हामी प्रयासमा छौं। प्रतिपक्षी दलका नेताहरुसँग हामी निरन्तर सम्वादमा छौं।

**० प्रतिपक्षी दलहरूले त मधेश प्रदेशलाई स्वीकार्नै सकिँदैन भनिरहेका छन् नि ?**

– उहाँहरु पनि मान्नुहुन्छ। उहाँहरुको पनि भावनालाई समेटेर हामी अगाडि बढ्छौं। किनभने मधेश आन्दोलनलाई त उहाँहरुले पनि स्वीकार गर्नुभएको छ नि। अलिकति तलमाथि हुनसक्छ होला।

**० भनेपछि मधेशमा ट्याग लगाएर भएपनि नाकांकन टुंगो लाग्छ ?**

– हुन सक्छ।



*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# भ्रष्टाचार उन्मुलन गर्नका लागि प्रस्तावित केही प्रस्ताव



रामकुमार शर्मा

१)अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ठाउँमा स्वतन्त्र, स्वायत्त, समावेशी र अधिकार सम्पन्न जनलोकपालको गठन गरियोस्।
२)जनलोकपालको प्रमुख एंव पदाधिकारीहरूको चयन एउटा निश्चित मापदण्डको आधारमा लोकसेवा आयोग मार्फत खुल्ला प्रतिस्पर्धाको आधारमा छनोट गरियोस्।
३)स्नातक तहको मतदाता मार्फत देश रबिदेशमा रहेका व्यक्तिहरू बाट अनलाइन भोटिङको आधारमा छनोट गरियोस्।
४)प्रधानमन्त्री, मुख्यमंत्री, मंत्री, सम्वैधानिक निकायका प्रमुख एंव पदाधिकारीहरू, न्यालय, सुरक्षा निकाय, गैरसरकारी संघ, संस्थाका पदाधिकारीहरु सबैलाई छानबिन गर्ने, फैसला गर्ने सम्मको अधिकार जनलोकपाल लाई नै दिने कानुनी व्यवस्था गरियोस्।
५)हालसम्म कायम रहेको दण्ड जरिमानामा रहेको खुकुलो व्यवस्थालाई खारेज गरी एक करोड भन्दा मुनि एक किसमले र एक करोड भन्दा माथि भ्रष्टाचार गरेको प्रमाणित भएमा आजिवन कारावास सहित सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्ने व्यवस्था गरियोस्।
६)भ्रष्टाचार सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात र सम्पूर्ण फैसला एक बर्षमा सम्पन्न गर्ने कानुनी व्यवस्था गरियोस्।
७)एक पटकको लागि ०४८ सालयता सार्वजनिक पद धारणा गरेका प्रम, मुख्यमंत्री, मंत्री, निजामती सेवाका अधिकृत देखी माथिका कर्मचारीहरु, संम्बैधानिक निकायका प्रमुख एंव पदाधिकारीहरू, सुरक्षा निकाय एंव न्याय क्षेत्रका पदाधिकारीहरू, स्थानीय तहका सरकार प्रमुखहरु तथा गैर सरकारी संघ संस्थाका पदाधिकारीहरू समेतलाई छानविन गरि दोषी भए कडा कार्यवाहीको व्यवस्था गरियोस्।
८)भ्रष्टाचार गर्न बाध्य बनाउने हालको मिश्रित निर्वाचन प्रणालीको ठाउँमा प्रत्यक्ष कार्यकारी राष्ट्रपति रप्रधानमन्त्री र समानुपातिक समावेशी संसद सहितको निर्वाचन प्रणाली कायम गरियोस्।
९)भ्रष्टाचारलाई प्रोत्साहन गर्ने कमजोर एंव खुकुलो सार्वजनिक ऐनलाई आवश्यकता अनुसार संशोधन गरियोस्।
१०)जनलोकपालका प्रमुख एंव पदाधिकारीहरूले अख्तियारको दुरुपयोग वा भ्रष्टाचार गरेको पाइएमा संघिय रप्रादेशिक संसदको एक तिहाइ सदस्यले लिखित रुपमा कार्यवाहीको माग गरेमा संसदिय समिति मार्फत छानबिन एंव अनुसन्धान गरी सर्वोच्च अदालतमा पेस गरी कार्यवाही गर्न व्यवस्था गरियोस्।
११)सरकारी, सार्वजनिक, धार्मिक सांस्कृतिक महत्वको गुठीको जग्गा, जमिन कव्जा गर्ने वा अतिक्रमण गर्नेहरु लाई उच्च स्तरीय छानबिन समिति मार्फत आवश्यक कारबाहीको व्यवस्था गरियोस्।
१२)बिगत १० बर्ष देखि चुरे संग जोडिएका खोला नालाहरूमा अबैध किसिमले क्रसर उधोग सन्चालन गरी सरकारी मापदणड भन्दा बाहिर गएर ढुंगा, गिट्टी, बालुवाको चरम दोहन र तस्करी भइरहेको छ। यस कार्यमा संलग्न स्थानीय सरकार, सुरक्षा निकाय, ठेकदारहरूको सम्पत्ति छानबिन समिति गठन गरि दोषी ठहर भएकालाई कडा कारबाही होस्।
१३)सबै राजनीतिक पार्टीले आफ्नो पार्टीभित्र सुशासनको लागि भ्रष्टाचार निवारण आयोग बनाउन र दोषी नेता तथा कार्यकर्तालाई पार्टीवाट निस्कासन गर्ने व्यवस्था गरियोस्।
१४)सरकारी खर्चमा मितव्ययिता अपनाउन स्थानीय तहको संख्या घटाइयोस्, जिल्ला समन्वय समिति बिघटन गरियोस्, र संघिय संसद र प्रदेश संसदको हाल कायम रहेको संख्यामा ३३५कटौती गरियोस्॥
१५)तीन करोड भन्दा माथिको ठेक्का पट्टा लिएर समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूको नाम सार्वजनिक गरियोस्, तिनीहरूले के ( कति कारणले समयमै काम सम्पन्न नगरी जनतालाई दुःख पुर्याएको र राज्यलाई घाटा पुर्याएकोमा उच्च स्तरीय छानबिन समिति गठन गरी दोषी ठहर भएकाहरूलाई कडा कारबाही गरियोस्॥

भ्रष्टाचार उन्मूलन गर्नका लागि आमजनता संग जोडिएका समाजवाद उन्मुख प्राथमिक मुद्दा

१)शिक्षा र स्वास्थ्यलाई निःशुल्क, गुणस्तरिय एंव सर्वशुलभ बनाइयोस्, यसको लागि ७ वटै प्रदेशमा १ हजार शैया, ७७ वटै जिल्ला सदरमुकाममा ३००(५०० शैयाको आधुनिक शिक्षण अस्पतालको निर्माण गरियोस्, प्रत्येक स्थानीय तहमा ५० शैयाको आधुनिक अस्पतालको निर्माण गरियोस्, साथै प्रत्येक स्थानीय तहमा १वटा उधोग र प्रत्येक वडामा कम्तीमा पनि १ वडा नमुना किसिमको सहकारी, सामुहिक, वा व्यवसायिक कृषि कार्यक्रमलाई कार्यान्वयन गरियोस्।
२)सरकारी,निजी वा सहकारी जुनसुकै बैकको व्याजदर एक अंक भित्र कायम गरियोस्।
३)स्नातक तह उत्तीर्ण गरेका सम्पूर्ण युवालाई रोजगारीको व्यवस्था होस् नत्र बाच्न पाउने न्युन्तम् बेरोजगारी भत्ताको व्यवस्था गरियोस्।
३)सर्वसाधारणको आम प्रयोजनमा रहेको दुइ पाङ्गे मोटरसाइकल र स्कुटीमा लिइआएको सतप्रतिशत भंसार महसुस खारेज गरी १० प्रतिशत कायम गरियोस्।
४)मध्यम बर्गले प्रयोग गर्ने ८००(१२०० सिसि सम्मको चारपाङग्रे सवारी साधनमा कायम गरिएको २००प्रतिशत भंसार शुल्क हटाएर ५०प्रतिशत कायम गरियोस्।
५)नेकपाले चुनावको समयमा ज्येष्ठ नागरिक, असहाय एंव एकल महिला( बिधवा) को लागि घोषणा गरेको प्रति महिना ५००० दिने कार्यान्वयन होस्।
६)तत्कालीन राजपा र संघिय समाजवादी पार्टीले मधेस आन्दोलनको क्रममा शहिद हुनेलाई ५० लाख दिने गरेको घोषणा प्रदेश २ सरकारले यथाशिघ्र कार्यान्वयन गरोस्॥

भ्रष्टाचार उन्मूलनका लागि सुशासन एंव दिगो बिकास, दिगो बिकासको लागि पर्यावरण मैत्री बिकास निर्माण, तसर्थ ७०५नेपाली बसोवास गर्ने चुरे(भावर, तराई(मधेस वन संरक्षण हाम्रो अभियान

१)चुरे(भावर क्षेत्रमा सरकारी वनजंगल अतिक्रमण गरी बसेका व्यापारी,नेता, सरकारी कर्मचारीहरु लाई हटाईयोस् र कार्यवाही गरियोस् तथा वास्तविक सुकुम्बासीहरूलाई छानबिन गरी उपयुक्त किसिमले बसोवास र रोजगारीको व्यवस्था गरियोस्।
२)चुरे(भावर क्षेत्रमा बिकासको नाउमा जङ्गल कटानी फँडानी गरी बिश्वबिधालय, बिमानस्थल, सुरक्षा क्याम्प, अस्पताल, खेलकुद मैदान, अनावश्यक सडक आदि संरचना बनाउन रोक लगाइयोस् र जमिन खरिद गरेर वा खालि ऐलानी, पर्ति, गुठी वा सरकारी जग्गा प्रयोग गरियोस्।
३)बिगत १० बर्ष देखि चुरे(भावर संग जोडिएका खोला नालामा अबैध किसिमले क्रसर उधोग संचालन गर्ने, सरकारी मापदणड भन्दा बाहिर गएर ढुंगा, गिट्टी, बालुवाको उत्खनन, चरम दोहन र तस्करी गर्ने ठेकदार, स्थानीय सरकार र खटिएका सुरक्षा निकायको सम्पत्ति छानबिन गरी दोषी ठहर भएकाहरूलाई कार्यवाही गर्न उच्च स्तरीय छानबिन आयोग गठन गरियोस् र दोषी ठहर भएकाहरूलाई कडा कारबाही गरियोस्।
४)चुरे वन संरक्षण, नदि नियन्त्रण र सिँचाईको लागि अधिकार सम्पन्न एकीकृत चुरे संरक्षण, नदि नियन्त्रण र सिँचाइ प्राधिकरणको गठन गरियोस्।
५)चुरे संरक्षित वन क्षेत्र घोषणा भएपनि त्यसको सही कार्यान्वयन भएको छैन, चुरे वन क्षेत्रको संरक्षण, संवर्द्धनको लागि नेपाली सेनालाई आवश्यक जिम्मेवारी दिइयोस्।


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**लालकिशोर साह**
**मेयर**
**जनकपुरधाम उपमहानगरपालिका**
**धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**हरिप्रसाद मण्डल**
**मेयर**
**मटिहानी नगरपालिका**
**महोत्तरी, प्रदेश २**


## मधेश अपडेट

### 'प्रदेश २ सरकार भ्रष्टाचारमा लिप्त'

जनकपुर । पूर्वउद्योग तथा आपूर्तीमन्त्री तथा नेकपाका नेता मातृकाप्रसाद यादवले प्रदेश २ को सरकार चरम भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाएका छन् । शनिबार गणेशमान चारनाथ नगरपालिकामा आयोजित पार्टी प्रवेश कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य समेत रहेका पूर्वमन्त्री यादवले यस्तो आरोप लगाएका हुन् । उनले संघीयतालाई कमजोर पार्न षड्यन्त्र गरिरहेको भन्दै विकास निर्माणको नाममा प्रदेश २ सरकार व्यापकरुपमा भ्रष्टाचार गर्न तल्लिन रहेको बताए । प्रदेश सरकारले कोरोना महामारीले प्रदेश २ को अवस्था भयावह रहेको बेलामा समेत जनताप्रति उत्तरदायी प्रदेश सरकार हुन नसकेको बताए । उनले नेकपा भित्रको विवाद प्राय: समाधान भएको र मन्त्रीमण्डलको हेरफेरको विषयमा समेत स्थायी समितिले गरेको निर्णय नै कार्यान्वयन हुने बताए । पार्टीको आन्तरिक समस्याहरु समाधान हुँदै गएको समेत स्पष्ट पारे । प्रदेश २ को सत्तारुढ जनता समाजवादी पार्टीका नेता अजय राय, रामचन्द्र राय र सुनिल राय लगायत दर्जनौं स्थानीय नेताहरु तथा नेपाली काँग्रेसका गणेशमान चारनाथ मुस्लिम टोल बस्ने कैयूम लेहरीको नेतृत्वमा दर्जनौं मुस्लिम अगुवाहरु गरी करिब २ सय भन्दा बढी नेता तथा कार्यकर्ताहरु पार्टी प्रवेश गरेका छन् ।

### रौतहटमा डिजे प्रतिबन्ध

रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले चर्को स्वरमा संचालन गरिने डिजे साउन्ड सिस्टममाथि प्रतिबन्ध लगाएको छ । बिहीबार प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले आदेश जारी गरी कुनै पनि कार्यक्रममा डिजे बजाउन प्रतिबन्ध लगाएका हुन् । रौतहटमा धार्मिक, सामाजिक एवम् राजनीतिक लगायतका कार्यक्रममा चर्को स्वरमा डिजे बजाईदा ध्वनि प्रदुषण, स्वास्थ्य समस्या, शान्ति सुरक्षा र सामाजिक सदभावमा प्रतिकुल असर परेको र त्यसबाट दुर्घटना समेत निम्तिएकोले यस्तो कदम चालिएको प्रजिअ यादवको आदेशमा उल्लेख छ । जिल्ला सुरक्षा समिती, जिल्ला स्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्रको बसेको संयुक्त बैठकले पनि रौतहट जिल्ला भित्र डिजे साउन्ड सिस्टम बन्देज गर्न सिफारिस गरेको थियो । डिजे साउन्ड सिस्टमले शान्ति सुरक्षा भंग हुने, समुदायमा बाधा विरोध र जनस्वास्थ्यमा गम्भीर असर हुने जिप्रका रौतहटको निष्कर्ष रहेकोले स्थानीय प्रशासन ऐन २०२८ बमोजिम प्रतिबन्ध लगाइएको आदेशमा उल्लेख छ । प्रतिबन्ध लगाएपछि पनि डिजे साउन्ड सिस्टमको प्रयोग गरे सिस्टम जफत गरी कानुनी कारवाही गरिने आदेशमा उल्लेख छ ।

### 'प्रदेश ५ को नामाकरण महेन्द्रकालीन'

रुपन्देही । प्रदेश ५ को लुम्बिनी नामाकरण महेन्द्रकालीन भएको आरोप मगर समुदायको छाता संस्था नेपाल मगर संघ र जनता समाजवादी पार्टी निकटको मगरात संयुक्त संघर्ष समितिले लगाएको छ । नेपाल मगर संघ र मगरात संयुक्त संघर्ष समितिले संयुक्त विज्ञप्ति जारी गर्दै प्रदेश ५ लाई लुम्बिनी प्रदेश नामकरण गरेकोप्रति खेद प्रकट गरेका छन् । नेपाल मगर संघ र मगरात संयुक्त संघर्ष समितिले जारी गरेको विज्ञप्तिमा प्रदेशको नाम लुम्बिनी राखिनु मगरातबासी जनताको चाहना विपरीत, नेपालको संविधान र संघीयताको मर्म विपरीत कार्य भएको उल्लेख भन्दै मगरात-लुम्बिनी नामाकरण गर्न कागरेका छन् । कुनै धार्मिक पहिचानका आधारमा मात्र सीमित भएर 'लुम्बिनी' नामाकरण गरिएको भन्दै उनीहरुले ऐतिहासिक मानव पहिचान र सभ्यताको आधारमा 'मगरात-लुम्बिनी' नामाकरण गर्न माग गरेका छन् । प्रदेश नं. ४, ५ र ६ को ऐतिहासिक मगरात भूगोललाई समेट्ने गरी एकीकृत मगरात स्वायत्त प्रदेश निर्माणका लागि सशक्त आन्दोलन गर्न बाध्य हुने चेतावनीसमेत विज्ञप्तिमार्फत् दिइएको छ ।

### शक्तिपीठहरूमा बली निषेध

वीरगञ्ज । पर्साका शक्तिपिठहरुमा यसपालिको दसैंमा बली दिन नपाइने भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले एक सूचना जारी गर्दै कोरोना महामारीका कारण शक्तिपीठहरुमा बली दिन निषेध गरिएको जनाएको छ । कोरोना महामारीलाई मध्यनजर गर्दै भिडभाड नियन्त्रण गर्नको लागि गहवामाई, बिन्दबासिनी, बिर्तामाई, नगवा लगायतका पर्साका मुख्य शक्तिपीठहरुमा बली दिन निषेध गरिने पर्साका प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले जानकारी दिएका छन् । दसैंमा धार्मिक आस्थामा आँच नआउने गरि शक्तिपीठहरुमा नित्य पूजा मात्र गर्न दिइने तामाङले बताए । सार्वजनिक स्थान खुल्ला चौर, बाटोमा बनाइने दुर्गा झाँकी वा पण्डाल समेत बनाउन नदिइने जिल्ला प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ । भिडभाड हुने कार्यक्रम ,मेला जात्रा, महोत्सव समेत गर्न नपाइने सूचना प्रशासनमार्फत जारी गरिएको छ । फुलपातीदेखि नवमीसम्म वीरगञ्ज बजारको मुख्य क्षेत्रहरुमा सवारी साधन सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन सकिने पनि सूचनामा उल्लेख गरिएको छ ।

### विमानस्थल विस्तारको काम पुनः शुरू

बाँके । कोरोना महामारीका कारण छ महिनादेखि रोकिएको नेपालगञ्ज विमानस्थल विस्तारको काम गुरुयोजनानुसार पुनः शुरु गरिएको छ । हाल विमानस्थलको रनवे र टर्मिनल भवन निर्माणको काम भइरहेको छ । यसैगरी रनवे र टर्मिनल भवन निर्माणका लागि आवश्यक जग्गा खरिद प्रक्रियासमेत अगाडि बढाइएको नागरिक उड्डयन कार्यालयले जनाएको छ । कार्यालय प्रमुख प्रेमनाथ ठाकुरका अनुसार कोभिड-१९ का कारण छ महिनादेखि विस्तारको काम रोकिएको थियो । उनका अनुसार अन्तर्राष्ट्रिय विमानस्थल बनाउन २० वर्षे गुरुयोजना तयार पारेर सोही बमोजिम चार चरणमा काम भइरहेको छ । विमानस्थल विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरी रु तीन अर्ब ५० करोड बढी बजेट खर्च हुने अनुमान गरिएको कार्यालय प्रमुख ठाकुरले बताए । यसअघि नै नेपालगञ्ज विमानस्थलबाट दिल्ली उडानको प्रस्ताव गरिएको छ । सोही प्रस्तावबमोजिम विमानस्थलमा सबै प्रकारका अन्तर्राष्ट्रिय उडान गर्न मिल्ने गरी गुरुयोजनामा नक्शाङ्कन र डिजाइन गरिएको छ । शुरुवाती चरणमा एटिआर विमान उडान गर्न मिल्ने गरी नेपालगञ्ज विमानस्थल विस्तार गरिने छ भने दुई दशकभित्र एअर बस जस्ता ठूला विमान उडान भर्न मिल्ने गरी गुरुयोजनामा डिजाइन गरिएको छ । नागरिक उड्डयन प्राधिकरणका अनुसार नेपालगञ्ज विमानस्थल विस्तार गुरुयोजनामा निर्माणको अनुमानित लागत रु १२ अर्बभन्दा बढी रहेको छ ।

### पदक र स्वास्थ्य सेवासम्बन्धी विधेयक पारित

जनकपुरधाम । प्रदेश २ को प्रदेश सभाले प्रदेश पदक र स्वास्थ्य सेवा सम्बन्धी दुई विधेयक पारित गरेको छ । प्रदेश सभाबाट स्वास्थ्य सेवामा नागरिकको पहुँच र सेवा प्रभावकारी बनाउन समाजिक विकास मन्त्री नवल किशोर साहले सोमबार प्रस्ताव गरेको स्वास्थ्य सेवा सम्बन्धी विधेयक सर्वसम्मत पारित भएको हो । संसदीय समितिमा छलफलपछि सोमबार प्रदेश सभामा मन्त्री साहले स्वास्थ्य सेवा विधेयक पारितका लागि प्रस्ताव गरेका थिए । प्रदेशमा उत्कृष्ट कार्य गर्नेलाई प्रदेश सरकार स्थापना दिवसको अवसरमा १५ पदकबाट सम्मान गर्ने विधेयक प्रदेश पदक पनि पारित भएको छ । विधेयकमा सरकारले सम्मानित गर्ने व्यक्तिलाई नगद पुरस्कार समेत उपलब्ध गराउने व्यवस्था गरिएको छ । मनोबल बढाउन सरकारले दिने पदक वितरण गर्दा अख्तियार गर्ने विधि र प्रक्रिया सहि नभए पदकको अपमान हुने भन्दै वितरण समिति प्रभावकारी बनाउन सांसदहरुले सुझाव दिएका छन् । बैठकबाट प्रदेश २ को जाँचबुझ आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धि विधेयकमा सैद्धान्तिक छलफलपछि सम्बन्धित समितिमा पठाइएको छ । बैठकमा वन विधेयक र दुग्ध विकास बोर्डको स्थापना तथा व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा समितिको प्रतिवेदन पेश गरिएको थियो ।

### गाउँपालिका अध्यक्ष जनमत पार्टीमा प्रवेश

रुपन्देही । सम्मरीमाई गाउँपालिका अध्यक्ष जितेन्द्रनाथ शुक्ला (बब्लु) डा.सीके राउत नेतृत्वको जनमत पार्टीमा प्रवेश गर्ने सहमति गरेका छन् । २०७३ सालमा भएको स्थानीय तहको निर्वाचनमा तत्कालीन मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक) बाट गाउँपालिका अध्यक्षमा शुक्ला विजयी भएका थिए । फोरम लोकतान्त्रिक नेपाली काङ्ग्रेसमा समाहित भए पछि उनी नेकपामा प्रवेश गरेका गरेका थिए । मँगलबार सम्मरीमाई गाउँपालिकामा आयोजित कार्यक्रममा शुक्ला जनमत पार्टीमा प्रवेश गर्ने औपचारिक सहमती गरेका हुन् । उनलाई पार्टीका केन्द्रिय सदस्यहरु अब्दुल खाँ, भोपेन्द्र यादव र इरफान सेखले पार्टी प्रवेश गराउन सहमति गराएका थिए । पार्टी प्रवेश सहमति कार्यक्रमलाई सम्बोधन गर्दै नेता शुक्लाले भ्रष्टाचार हटाउन, विपदबाट जोगाउन जनमत सेनाको आवश्यकता रहेको औल्याए । यस्तै पार्टीका केन्द्रीय सदस्य इरफान सेखले मधेश र मधेशीको हकहित र मुक्तिको लागि पार्टी प्रवेश गरेकोमा धन्यवाद दिए । यस्तै, अर्का केन्द्रीय सदस्य भोपेन्द्र प्रसाद यादवले जनताको शासनको अनुभूति दिलाएको जितेन्द्र नाथ शुक्लाले मधेश र मधेशी जनताको साथ दिन पार्टी प्रवेश गरेको बताए ।



# विजयादशमी २०७७

को उपलक्ष्यमा विद्यार्थी, अभिभावक तथा समस्त देशवासी दाजुभाई दिदीबहिनीहरुमा सुख, समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना ।

**ग्लोबल कलेज अफ म्यानेजमेन्ट**

GLOBAL COLLEGE OF MANAGEMENT

**मध्यबानेश्वर, काठमाडौं**

---

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**अजय गुप्ता**
**मेयर**
**गौर नगरपालिका**
**रौतहट, प्रदेश २**

---

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**रामज्ञान मण्डल**
**मेयर**
**हंसपुर नगरपालिका**
**धनुषा, प्रदेश २**

---

## संक्षिप्त समाचार

### चिनियाँ राष्ट्रपतिको पुत्ला दहन

कपिलवस्तु । हुम्लाको लाप्चा गाउँमा भूमि अतिक्रमण गरेको विरोधमा चिनियाँ राष्ट्रपति सी चिनपिंगको पुत्ला दहन गरिएको छ । प्रदर्शनको क्रममा चिनियाँ विस्तारबाद मुर्दावाद, हस्तक्षेप बन्द गरलगायतका नारा लगाइएको थियो । कपिलवस्तुका स्थानीय यूवाले भूमि अतिक्रमणविरुद्धको प्रदर्शनका क्रममा महिला हिंसाविरुद्ध कडा कारबाहीको माग गर्दै साथै डा. गोविन्द केसीको अनसनलाई पनि समर्थन जनाएका थिए । प्रदर्शनको क्रममा कम्युनिस्ट सरकारले चरम भ्रष्टाचार गरेको सरकारविरुद्ध पनि नारावाजी गरेका थिए ।

### भारतका केन्द्रीय मन्त्रीको निधन

नयाँदिल्ली । भारतका केन्द्रीय मन्त्री रामविलास पासवानको निधन भएको छ । ७४ वर्षको उमेरमा उपचारका क्रममा उनको मृत्यु भएको हो । उनी लामो समयदेखि गम्भीर स्वास्थ्य समस्यासँग जुझिरहेका थिए । केही समयअघि मात्रै उनको मुटुको अप्रेसन गरिएको थियो । दिल्लीको एक अस्पतालमा उपचारका क्रममा उनको निधन भएको हो । पासवान मोदी सरकारको उपभोक्ता मन्त्री थिए । उनको निधनप्रति भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले दु:ख व्यक्त गरेका छन् ।

### चीनद्वारा नेपालमाथि टियर ग्यास प्रहार

हुम्ला । हुम्लामा सीमा स्तम्भ अनुगमन गरेर फर्कन थालेको नेपाली टोलीमाथि चिनियाँ सुरक्षाकर्मीले टियर ग्यास प्रहार गरेका छन् । प्रमुख विपक्षी दल नेपाली कांग्रेसका नेता जीवनबहादुर शाही नेतृत्वको टोली अनुगमनबाट फर्कने क्रममा चिनियाँ सुरक्षाकर्मीले टियर ग्यास प्रहार गरेका हुन् । नाम्खा गाउँपालिकासँग जोडिएको चीनसँगको सीमास्तम्भको अनुगमनका क्रममा चिनियाँ पक्षले टियर ग्यास प्रहार गरेको अनुगमन टोलीमा रहेका गाउँपालिकाका उपाध्यक्ष पेना लामाले बताए । '५, ६, ७ र ८ नम्बर सीमा स्तम्भको अनुगमन गरेर फर्किँदै गर्दा ९ नम्बर सीमास्तम्भ नजिकै टियर ग्यास प्रहार भयो', उनले भने, 'मेरो आँखामा सामान्य चोट लागेको छ ।'

### उपमेयर कोरोनाबाट संक्रमित

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकाकी उपमेयर उमा थापामगरलाई कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय, बाँकेका अधिकृत एवं कोरोनाका फोकलपर्सन नरेश श्रेष्ठले उपमेयर थापालाई कोरोना पुष्टि भएको जानकारी दिए । केही दिनदेखि अस्वस्थ रहेकी उपमेयर थापालाई भेरी अस्पताल, नेपालगञ्जमा पीसीआर जाँच गरिएको थियो । जसको रिपोर्ट पोजिटिभ आएको छ । अस्पतालले उक्त विवरण भने सार्वजनिक गरिसकेको छैन । झण्डै एक महिनादेखि अस्वस्थ रहेकी थापालाई मंगलबार कोरोना संक्रमण पुष्टि भएको हो ।

### कस्तुरीको बिनासहित दुई जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-२ आनन्दनगरबाट ४ तोला कस्तुरीको बिना सहित २ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मुगु खडेरा गाउँपालिका-७ बस्ने २५ वर्षीय गगन प्रसाद उपाध्याय र सोही ठाउँ बस्ने २४ वर्षीय टेकेन्द्र परियार रहेका छन् । उनीहरुले कस्तुरीको बिना राखेको भन्ने बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित तीन जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-३ चटकपुरबाट सोही नगरपालिका-१३ बस्ने २६ वर्षीय बालगोबिन्द राना सहित ३ जनालाई ब्राउनसुगरसहित पक्राउ गरिएको छ । १८ ग्राम ४ सय १० मिलीग्राम लागूऔषध ब्राउनसुगर सहित शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कैलाली र अस्थायी प्रहरी पोष्ट चटकपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जुवा खेलिरहेका ६ जना पक्राउ

मोरङ । बेलबारी नगरपालिका-४ गर्जुराम टोल बस्ने अशोक राईको घरमा जुवा खेलिरहेको अवस्थामा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ पक्राउ पर्नेहरुमा बेलबारी नगरपालिका-३ मैनावारी टोल बस्ने ४० वर्षीय रित गुरुङ, सोही नगरपालिका-११ लक्ष्मीमार्ग बस्ने ५६ वर्षीय सुजय गौतम, ५२ वर्षीय चन्द्र लिम्बु, झापा दमक नगरपालिका-५ मन्टेश्वरी टोल बस्ने ३२ वर्षीय धमेन्द्र राई, सुनसरी ईटहरी उपमहानगरपालिका-१ हलगडा बस्ने ४७ वर्षीय प्रदिप तामाङ र धनुषा चारनाथ गणेशमान नगरपालिका-८ पोर्ताहा बस्ने ५० वर्षीय पर्शुराम भुजेल रहेका छन् । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनीहरुबाट नगद २ लाख ५३ हजार २ सय ३५ रुपैयाँ, १ सेट कौडा, ३ बुक तास, को.२ च २८१९ नम्बरको गाडी, अनटेष्ट लेखिएको मोटरसाइकल र को.२३ प १३८७ नम्बरको स्कुटर बरामद गरेको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### खाल्डोमा डुबेर बालकको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२५ सिर्सिया खल्वाटोला बस्ने राजकुमार पटेलको अन्दाजी ३ वर्षीय छोरा सुमित कुमार पटेलको घर अगाडि कलको पानी जम्मा हुने खाल्टोमा डुबेर शनिबार बिहान मृत्यु भएको छ । खेल्ने क्रममा खाल्टोमा डुबेर गम्भीर घाइते भएका उनलाई उपचारको लागि नारायणी अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### मोरङमा कोरोनाबाट तीनको मृत्यु

विराटनगर । कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मोरङमा जिल्लामा थप तीन जनाको मृत्यु भएको छ । कोसी अस्पताल कोभिड १९ उपचार केन्द्र विराटनगरमा एकजना र विराट मेडिकल कलेज टंकीशिनवारीमा दुई जना कोरोना संक्रमितको मृत्यु भएको हो । मोरङको बुढीगंगा गाउँपालिका-५ का ७१ वर्षीय पुरुषको विराटनगरस्थित कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा मृत्यु भएको हो । वृद्धमा दमको पुरानै समस्या रहेको थियो । यस्तै, मोरङको बुढीगंगा गाउँपालिका- २ टंकीशिनवारीमा रहेको विराट मेडिकल कलेजको आइसोलेसनमा मंगलबार बिहान दुई जना कोरोना संक्रमितको मृत्यु भएको छ । सुन्दरहरैंचा नगरपालिका-३ घर भएका ४३ वर्षीय पुरुष र विराटनगर महानगरपालिका- ७ हाटखोलाका ४५ वर्षीय पुरुषको मृत्यु भएको हो ।

### रूपन्देहीमा पनि एक संक्रमितको मृत्यु

रुपन्देही । कोरोना भाइरस (कोभिड-१९) बाट रुपन्देहीमा मंगलबार बिहान एक संक्रमितको मृत्यु भएको छ । बुटवलस्थित कोरोना विशेष अस्पतालमा उपचारको क्रममा बुटवल उपमहानगरपालिका-३ का ७२ वर्षीय पुरुषको मृत्यु भएको छ । अस्पतालका अनुसार उनी उच्च रक्तचाप, मधुमेह र मुटुका रोगी समेत थिए ।

### करेन्ट लागेर सुनारको मृत्यु

कैलाली । लम्की चुहा नगरपालिका-९ बनबाशा प्रतापपुर बस्ने ५० वर्षीय दल बहादुर सुनारको करेन्ट लागेर मृत्यु भएको छ । आफ्नै घरमा सिलिङ पंखा जोड्ने क्रममा सोमबार बेलुका करेन्ट लाग्दा गम्भीर घाइते भएका उनलाई उपचारका लागि लम्कीस्थित लालरत्न अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर युवकको मृत्यु

मोरङ । रतुवामाई नगरपालिका-१० सातमेडी बस्ने २४ वर्षीय रबिन लिम्बुको करेन्ट लागेर मंगलबार दिउँसो मृत्यु भएको छ । आफ्नै घर अगाडिको मोटर जडान गरिएको कल चलाउने क्रममा करेन्ट लागेर घाइते भएका उनको दमकस्थित लाईफलाइन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### दीपक मृत फेला

कपिलवस्तु । शुद्धोधन गाउँपालिका(५ घेराउजोत कोठी नदीमा रुपन्देही लुम्बिनी सांस्कृति नगरपालिका(१ खुनगाई बस्ने १८ वर्षीय दिपक यादव आइतबार मृत अवस्थामा फेला परेका छन् । असोज १८ गतेदेखि घरबाट उनको खोजी गर्ने क्रममा उक्त नदीमा उनको शव फेला परेको हो ।

# विजयादशमी २०७७

को पावन अवसरमा समस्त ग्राहकवर्ग, शेयरधनी तथा सम्पूर्ण देशवासी दाजुभाई तथा दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED


# विजयादशमी २०७७

को पावन अवसरमा समस्त ग्राहकवर्ग, शेयरधनी तथा सम्पूर्ण देशवासी दाजुभाई तथा दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना ।


NEPAL LIFE
INSURANCE CO. LTD.
किनकि जीवन अमूल्य छ...

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

## उदयकुमार बरबरिया यादव
## मेयर
**शहीदनगर नगरपालिका, धनुषा, प्रदेश २**


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**


## राजेश राय यादव
## मेयर
**कलैया उपमहानगरपालिका, बारा, प्रदेश २**

# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**


## रामचन्द्र तिवारी
## मेयर
**चन्द्रपुर नगरपालिका, रौतहट, प्रदेश २**

## विश्व परिवेश

# इमरान खान विरुद्ध विपक्षी दलको गठबन्धन

आम्स्टर्डम । इमरान खान नेतृत्वले पछिल्लो समय आतंकवादलाई प्रश्रय दिएको र मुलुकलाई थप धराशायी बनाएको भन्ने आरोपहरु स्वयं पाकिस्तानभित्रै लागिरहेको छ। जसले गर्दा मुलुकको प्रजातन्त्र नै संकटमा पर्ने स्थिति सिर्जना भएको छ ।

अब पाकिस्तानका विपक्षी राजनीतिकहरु दलहरुले मुलुकमा 'वास्तविक र विश्वासिलो' प्रजातन्त्र पुनर्स्थापना गर्नका लागि नयाँ संयुक्त मोर्चा गठन गर्न आवश्यक रहेको एक युरोपेली थिंक ट्यांकले जनाएको छ। विपक्षी दलहरुले साच्चिकै प्रजातन्त्र चाहने हो भने, सैन्य प्रतिष्ठानको शासन र अर्थतन्त्रमाथि नियन्त्रण कायम गरेको कुराबाट मुक्ति चाहन्छन् भने एकजुटको विकल्प नभएको सो थिङक ट्याङकले जनाएको छ ।

११ पाकिस्तानी विपक्षी दलमध्येका पाकिस्तान पिपुल्स पार्टी (पीपीपी), पाकिस्तान मुस्लिम लीग(नवाज ( पीएमएल(एन), अवामी नेशनल पार्टी ( एएनपी), र जमीयत(ए(उलामा(इस्लाम (जेयूआई) लगायतको सेप्टेम्बर २० मा भएको सर्वदलीय सम्मेलन (एपीसी) ले एक संयुक्त मञ्च, पाकिस्तान लोकतान्त्रिक आन्दोलन गठनको घोषणा गरेको थियो ।

'यी सकारात्मक संकेतहरूको पृष्ठभूमिमा, सेनाले सन् १९४७ देखि स्थापना गरेको देशको शासन र वास्तवमा अर्थव्यवस्थामाथि रहेको अडानलाई खाली गर्न चाहेको खण्डमा विपक्षीहरू मिलेर बस्नुपर्दछ,' युरोपियन दक्षिण एशियाई अध्ययनले भनेको छ ।

एपीसीले अपनाएको २६ बुँदे प्रस्तावले राज्यका सबै अंगहरू कानुन बमोजिम कडाइका सञ्चालन गर्ने सुनिश्चित गरिने प्रतिबद्धतासमेत जनाएको छ ।

सन् १९४७ मा पाकिस्तान स्वतन्त्र भएदेखि जनतामाथि हुने दुर्व्यवहारको छानबिन गर्न सत्य तथा मेलमिलाप आयोगको स्थापना गर्न पनि आह्वान गरिएको थियो । त्यस्तो अनुसन्धानले सैन्य दुर्व्यवहारको गहन इतिहास खुलाउन खोजिनुपर्नेसमेत माग गरिएको छ ।

यसका साथै प्रधानमन्त्री इमरान खान र उनको सत्तारूढ पाकिस्तान तेहरिक(ए( इन्साफ (पीटीआई) पार्टीबाट राजीनामा नदिए देशव्यापी आन्दोलन गर्नेसमेत घोषणा गरिएको छ ।

पीडीएमले सार्वजनिक जमघट, राजनीतिक जुलुस, अविश्वासको गतिविधिको समावेशी सामूहिक बिरोध अभियान चलाउने प्रस्ताव राख्दै जनवरीमा लङ मार्चमा जानेसमेत बताइएको छ ।

## अल्पसंख्यकमाथि पाकिस्तानको दुर्व्यवहार र अपहरणकारी चरित्रको राष्ट्रसंघमा चर्चा

जेनेभा । भारतले पाकिस्तानको 'अविरल र असंवेदनशील अभिव्यक्ति' प्रति निन्दा गरेको छ । संयुक्त राष्ट्र संघमा आफ्नो "जवाफको अधिकार" प्रयोग गर्दै भारतले इस्लामाबादले आफ्नो अपहरण र दुर्व्यवहारको कवचको अभिप्राय उजागर गरेको बताएको छ । पाकिस्तानले यस परिषद्मा भारतलाई बदनाम गर्ने उद्देश्यले काल्पनिक कथामा आधारित अभिव्यक्ति दिएको भारतको आरोप छ । संयुक्त राष्ट्र मानवअधिकार परिषद ( यूएनएचआरसी) को ४५ औं सम्मेलनलाई सम्बोधन गर्दै भारतका प्रथम सचिव विमर्श आर्यनले पाकिस्तानले प्रत्येक अन्तर्राष्ट्रिय सन्धि उल्लंघन गर्नु र मानवअधिकारको घोषणापत्र अनुसार अल्पसंख्यक र छिमेकीप्रति सहिष्णुता देखाउनु पर्ने बताएका छन् ।

"म भियना घोषणापत्र र एक्शन प्रोग्राम (वीडीपीए) लाई अनुरोध गर्न चाहन्छु कि पाकिस्तानले आफ्नो क्षेत्रीय महत्वाकांक्षालाई बिर्सनु हुँदैन । त्यसो गर्नु प्रत्येक अन्तर्राष्ट्रिय सन्धि र मानवअधिकारको घोषणापत्रको घोर उल्लंघन गर्नुहुनेछ । बरु उनीहरूले आफ्ना अल्पसंख्यकहरूप्रति सहिष्णुता र हामीतर्फ राम्रो छिमेकीको अभ्यास गर्नुपर्दछ ताकि दक्षिण एसियाली क्षेत्रले अनन्त शान्ति देख्नेछ," आर्यनले राष्ट्रसंघमा भने ।

उनले थपे, "भारत पाकिस्तानलाई स्मरण गराउन चाहन्छ कि छलफलको एजेन्डा भीडीपीए हो । जे होस्, हामी सबैले यस सत्रमा अहिलेसम्म देखेका थियौं कि पाकिस्तानले निरन्तर र बेवास्ता गरेको छ, जसले भारतलाई बदनाम गर्ने उद्देश्यले यस काउन्सिलको प्रत्येक एजेन्डालाई मोड्ने र दुरुपयोग गर्ने उनीहरूको अभिप्रायलाई उजागर गरेको छ ।"

पाकिस्तानले भारतमा अल्पसंख्यकहरूको अधिकारमा कुरा गर्ने "हिम्मत" गरेको छ जबकि उनीहरू आफैंले त्यसो गर्न असक्षम छन् ।

"जब यो काउन्सिलले अल्पसंख्यकहरूको अधिकारको बारेमा छलफल गर्छ, पाकिस्तानको कडा राज्यले समतावादी भारतमा अल्पसंख्यकहरूको अधिकारको बारेमा कुरा गर्ने आँट गर्छ तर आफैं जिम्मेवार आसिफ परवेज जस्ता मानिसलाई बचाउन प्रयास गर्दैन हो । जसलाई भर्खरै मृत्युदण्ड सुनाइएको थियो । पाकिस्तानको ईश्वरनिन्दा कानूनको अन्तर्गत धेरै मानिसहरुलाई मृत्युदण्ड सुनाइएको छ," उनले भने ।

विजयादशमी, शुभ दीपावली, छट–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शम्भु प्रसाद यादव
मेयर
राजविराज नगरपालिका, सप्तरी, प्रदेश २

विजयादशमी, शुभ दीपावली, छट–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामशंकर मिश्र
मेयर
जलेश्वरनाथ नगरपालिका, महोत्तरी, प्रदेश २

सामाजिक सुरक्षा कोषमा आबद्धता सुरक्षित जीवनको सुनिश्चितता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## कोरोना महामारीका जसपाको पार्टी प्रवेश कार्यक्रम

वीरगन्ज । नेपालमा कोरोना महामारी चरमोत्कर्षमा पुगेको बेला जसपाले वीरगञ्जमा पार्टी प्रवेश कार्यक्रम आयोजना गरेको छ । जसपाको केन्द्रीय नेताहरुको उपस्थितिमा वीरगञ्जमा सयौंको उपस्थितिमा दुई स्थानमा बृहत पार्टी प्रवेश तथा नेपालीहरुको दसैं, तिहार र छठको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । पर्साको सखुवाप्रसौनी गाउँपालिकाको औराहामा र महुवनमा पार्टी प्रवेश कार्यक्रम भएको हो ।

करिब एक हजार व्यक्तिले पार्टी प्रवेश गरेका छन् । त्यस क्रममा पूर्व प्रधानमन्त्री एवम् जसपाका वरिष्ठ नेता बाबुराम भट्टराई, पार्टीका कार्यकारणी अध्यक्ष उपेन्द्र यादव, प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत गद्दी, राजेन्द्र श्रेष्ठ, पर्साका प्रतिनिधिसभा र प्रदेश सभाका सांसदहरुको उपस्थिति थियो ।

गत भदौसम्म कोरोनाको 'हटस्पट' बनेको पर्सा जिल्लामा अझै पनि भेला, सभा। सम्मेलन गर्न स्थानीय प्रशासनले रोक लगाएको छ । कोरोना महामारीको उच्च जोखिम कायमै रहेकाले भौतिक दूरी, मास्क र बेलाबेला हात धुन प्रशासनले अनुरोध गर्दै आएको छ । नेता भट्टराई र कार्यकारणी अध्यक्ष यादवले नवप्रवेशीलाई माला लगाएर स्वागत गरेका थिए । कार्यक्रममा पूर्वप्रधानमन्त्री भट्टराईले अबको लक्ष्य आउँदो निर्वाचनमा सिंहदरबारको कुर्सी कब्जा भएको बताए । 'कुर्सी कब्जा भएपछि संविधान संशोधन र विकासको रोडम्याप लागू हुन्छ,' भट्टराईले भने ।

## जिल्ला समाचार

### छोरीको घरमा नि:शुल्क इन्टरनेट

जनकपुरधाम । प्रदेश २ सरकारले चलाएको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत शिक्षा बीमा गराएका करिब २७ हजार छोरीको घरमा नि:शुल्क इन्टरनेट जडानको तयारी भएको छ । २०७६ माघ २ यता जन्मेकी छोरीको शिक्षा बीमा गराउने २६ हजार ९५६ घरधुरीमा इन्टरनेट जडानको तयारी भएको अभियानकी संयोजक प्रियंका यादवले जानकारी दिइन् । छोरी बीमाको लागि माघ २ गतेखि प्रदेश २ को १३६ वटै पालिकामा छोरी शिक्षा बिमाको शिविर सञ्चालन गरिएको थियो । कोरेना महामारी फैलिएपछि गएको चैतमा लकडाउन हुँदादेखि नै छोरी शिक्षा बीमा प्रभावित बनेको छ । त्यसयता केही पालिकाहरु असारसम्म थौरै संख्यामा छोरीको बीमा गरिएको संयोजक यादवको भनाइ छ । महोत्तरीको लोहारपट्टी नगरपालिकाको छोरी शिक्षा बीमासम्बन्धी सम्पूर्ण कागजात तयार रहेकाले सोही नगरपालिकाबाट छोरीको घरमा नि:शुल्क इन्टरनेट सेवा जडान गर्ने तयारी भएको छ । संयोजक यादवकाअनुसार प्रदेश २ का सबै १३६ पालिकाले छोरी बीमाको कागजात तयार गरेर मुख्यमन्त्री कार्यालयमा बुझाएपछि ती सबै पालिकाका छोरीको घरमा पालैपालै इन्टरनेट जडान गरिने छ । सुविसु इन्टरनेट कम्पनीले बीमा भएको ती छोरीहरुको घरमा इन्टरनेट सेवा जडान गर्ने मुख्यमन्त्री कार्यालयले जनाएको छ । महिला हिंसा न्यूनीकरण, छोरीप्रतिको हेर्ने दृष्टिकोण परिवर्तन तथा छोरीको राम्रो शिक्षादीक्षाको लागि प्रदेश २ मा 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान चलाइएको छ । जसअन्तर्गत छोरी शिक्षा बिमा कार्यक्रम सञ्चालनमा छ । जसमा छोरी जन्मिनेबित्तिकै प्रदेश सरकारले ३७ हजार रुपैयाँ तिरेर ३ लाख रुपैयाँको बीमा गरिदिन्छ । जुन छोरीले २० वर्षपछि पाउने छन् । सुरुमा २०७५ मा एक जना छोरीलाई १३ हजार ६ सय ४६ रुपैयाँ १५ पैसा तिरेर १ लाखको बीमा प्रदेश सरकारले गर्ने गरेको थियो ।

### शुद्धोधनमा मनाइयो बालिका दिवस

कपिलवस्तु । मेरो आवाज, हाम्रो भविष्य बराबरी होस् भन्ने नाराका साथ ९औं अन्तर्राष्ट्रिय बालिका दिवस शुद्धोधन गाउँपालिकाको लवनीमा मनाइएको छ । गाउँपालिकास्तरीय किशोरी संजालको आयोजनामा मनाइएको कार्यक्रममा परम्परागत नकरात्मक धारणा विरुद्धका लागि बालिका अधिकार सम्बन्धी अन्तरक्रिया गोष्ठि गरि दिवस मनाइएको हो । कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष निसार अहमद खांले बालिकाको हकहित र चौतर्फी विकासमा गाउँपालिकाले निरन्तर रुपमा काम गर्दै आएको र आगामी दिनमा पनि बालिकाको विकासका लागि सधैं लाग्ने बताए । संजालकी अध्यक्ष शेषकला पाण्डेको अध्यक्षता र संचालनमा रेनु मौर्या सम्पन्न कार्यक्रममा वडा नं १ का अध्यक्ष तिलकराम यादव, २ नं का अध्यक्ष मनोज कुमार यादव वडा नं ३ का अध्यक्ष महिबुद्धिन मुसलमान स्वास्थ्य संयोजक अस्फाक अहमद खां , कालिका संस्थाकी कार्यक्रम संयोजक शान्ता पौडेल लगायतले दिवसको महत्व र वालिकाको हक अधिकारको बालेमा बोलेका थिए । गाउँपालिकाको समन्यव र एम्पलिफाई चेन्ज कालिका स्वावलम्वन सामाजिक विकास केन्द्रको आयोजनाका कार्यक्रम सम्पन्न भएको थियो ।

### विभिन्न पार्टी परित्याग गरी नेकपामा प्रवेश

वीरगन्ज । नेपाल कम्युनिष्ट पार्टी पर्साद्वारा वृहत पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । पार्टीका जिल्ला कार्य समिति मनमोहन नगर रमगढवास्थित पार्टी प्रवेश कार्यक्रममा पर्सा जिल्लाभरिका सयौंभन्दा बढी विभिन्न पार्टीका कार्यकर्ताहरुले पार्टी परित्याग गरी नेकपामा प्रवेश गरेको जिल्ला अध्यक्ष प्रभु हजराले बताए । आउने चुनावको भव्य तयारीका साथ यो पार्टी प्रवेश जिल्लाको विभिन्न स्थानहरुमा निरन्तर भइरहेको पार्टी नेता बसरुद्दिन अन्सारीले बताए । फुलमाला लगाई पार्टीका विभिन्न पार्टी परित्याग गरी नेकपामा प्रवेश गरेकाहरुलाई अबिर माला लगाई प्रवेश गराइएको थियो । बृहत पार्टी प्रवेश कार्यक्रममा जिल्ला अध्यक्ष प्रभु हजरा, पूर्वसांसद राजकुमार गुप्ता, पार्टी नेता बसरुद्दिन अन्सारी लगायतको उपस्थिति रहेको थियो ।

### पूर्वाधार निर्माण कार्यको अनुगमन

रौतहट । रौतहट क्षेत्र नम्बर ३ का सांसद एवम् पूर्वमन्त्री प्रभु साहले रौतहटमा जारी शहरी विकास लगायतका पूर्वाधार निर्माण कार्यको अनुगमन गरेका छन् । नेपाल सरकारका विभिन्न मन्त्रालय, खासगरी सहरी विकास मन्त्रालयबाट निर्माणाधिन परियोजनाको प्रगति बुझ्न सांसद साह जिल्लाको विभिन्न ठाउँमा पुगेका हुन् । जिल्लाको मौलापुर नगरपालिका, गरुडा नगरपालिका, कटहरिया नगरपालिकामा निर्माणाधीन सडक, नाला, भवनलगायतको पूर्वाधारको प्रगति बुझ्न पुगेका सांसद साहले निर्माण कार्यमा भएको ढिलाइप्रति आक्रोशित बनेका थिए । सांसद साहले ठेक्केदारलाई गुणस्तरमा ध्यान दिन तथा समयमै काम सक्न निर्देशन दिए । आफुले मिहिनेत गरेर परियोजना सुरु गराएको तर काममा ढिलाई हुँदा दुखी भएको प्रतिक्रिया दिए । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश २ का अध्यक्ष समेत रहेका सांसद साहले भने, 'स्थानीयकै संलग्नतामा डिपिआर गराएर, करोडौंको योजना गराएका हौं तर मुल ठेकेदारले पेटी ठेकेदारलाई जिम्मा लगाएर कामको गतिलाई रोकिदिएको छ । पेटी ठेकेदाले चोर शैलीमा पैसा जोगाउन कमसल काम गर्ने गरेको छ । यो प्रवृत्ति रहुन्जेल विकास सम्भव छैन । यस्ता प्रवृतिलाई अन्त्य हुनुपर्छ ।'

### जानकी मेडिकल कलेजका कर्मचारी धर्नामा

जनकपुरधाम । चाडपर्व नजिकिँदा पनि तलब दिन आनाकानी गरेको भन्दै धनुषास्थित जानकी मेडिकल कलेज तथा शिक्षण अस्पतालका कर्मचारीहरू १७ दिनदेखि धर्ना बसेका छन् । कलेज परिसरमै रहेको मन्दिरमा कर्मचारीहरू धर्ना बसेका हुन् । विगत ६ वर्षदेखि बाँकी सञ्चय कोष, दशैं खर्च र नियमित तलब भत्ता कलेजले दिन आनाकानी गरेको कर्मचारीहरूको गुनासो छ । उनीहरूले असोजमै तलब दिने सम्झौता कलेजले गरेपनि कार्यान्वयन नभएको बताउँछन् । यसअघि कर्मचारीहरूले कलेजको प्रशासन शाखामा तालाबन्दी गरेका थिए । त्यसपछि कलेज प्रशासनले कर्मचारी विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरी प्रवक्ता डिएसपी मकेन्द्र मिश्रले कर्मचारी र कलेज प्रशासन प्रमुख दयानन्द झालाई बोलाएर तीन बूँदे सम्झौता गराएका थिए । असोज ४ गतेसम्म कर्मचारी र कलेज दुवै पक्षले लेखापाल राखेर हिसाब निकाल्ने, असोज १ गते तालाबन्दी खोल्ने र असोज ३० गतेसम्म कलेजका अध्यक्ष आएर कर्मचारीको समस्या समाधान गर्ने सम्झौता कलेजको तर्फबाट प्रशासन प्रमुख झा र कर्मचारीहरूबीच भएको थियो । तर सो सम्झौताको पालना कलेजले नगरेपछि कर्मचारीहरू धर्ना बसेका छन् । कलेजले सम्झौता उल्लंघन गरेपछि बाध्य भएर कलेजका ११३ कर्मचारी धर्नामा बसेको कर्मचारी आन्दोलन संघर्ष समितिका अध्यक्ष उमेश यादवले बताए । तलब माग्दा कलेजबाट निकाल्ने धम्की प्रशासन प्रमुख झाले दिने गरेको उनले गुनासो गरे । कलेजको चरम लापरबाहीले पटकपटक कर्मचारी आन्दोलित हुँदा विद्यार्थीको भविष्यमाथि समेत खेलबाड भइरहेको छ ।

### रौतहटमा झडप हुँदा ४ घाइते

रौतहट । रौतहटको फतुवा बिजयपुर नगरपालिकाको बिजयपुरमा ऐलानी जग्गाको विषयमा विवादपछि भएको झडपमा ४ जना घाइते भएका छन् । बिजयपुर बजारदेखि पश्चिम बडहरवा पुल छेउको ऐलानी जमिनको विषयलाई लिएर दुई पक्षबीच झडप भएको प्रहरीले जनायो । झडपमा बिजयपुरका आस महमद, भन्टु साह, रामचन्द्र यादव र श्यामबाबु यादव घाइते भएका छन् । श्यामबाबू र रामचन्द्रको टाउकोमा गम्भीर चोट लागेको छ । दुबैलाई थप उपचारका लागि एलएस न्युरो अस्पताल वीरगन्ज पठाइएको मेयर गोपालराय यादवले बताए । बडहरवा पुलछेउको खाली जमिनमा हिन्दुहरुले छठपर्व र मुस्लिमले दाहपर्व मनाउने गर्थे । उखुको सिजनमा त्यही ठाउँमा सुगर मिलको काँटा राख्ने गरिन्थ्यो । सोही ऐलानी जग्गा केहीले ब्यक्तिगत प्रयोजनको लागि कब्जा गर्न थालेपछि दुई समूहबीच विवाद पछि झडप भएको हो । जिल्ला प्रहरी प्रमुख एसपी सिद्धिबिक्रम शाहले विजयपुर क्षेत्रमा व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरिएको र अहिले स्थिति सामान्य भएको बताए ।

### चाडपर्वलाई लक्ष्य गरी सुरक्षामा थप कडाइ

कैलाली । दशैं, तिहार तथा छठ पर्व नजिकिएसँगै कैलाली जिल्लाभर हुने विभिन्न आपराधिक क्रियाकलाप नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालय कैलालीले सक्रियता बढाएको छ । विशेष सुरक्षा योजनाअन्तर्गत जिल्लाभर ७४० प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक प्रतीक विष्टले जानकारी दिए । उनले चाडपर्वका बेला जिल्लामा हुन सक्ने चोरी, डकैती, जुवातास, लुटपाट, कालोबजारी, सार्वजनिक यातायातका टिकटमा ठगी र सवारी कसूरलगायत अपराध नियन्त्रणका लागि आवश्यक जनशक्ति तैनाथ गरिएको बताए । यसका लागि विभिन्न स्थानमा जाँचमा कडाइ गरिनाका साथै साइकल, मोटरसाइकलमा प्रहरीको गस्ती तथा सादा पोशाकमा प्रहरी परिचालन गरिएको नायब उपरीक्षक विष्टले बताए । सुदूरपश्चिम प्रदेश सशस्त्र प्रहरी गणबाट नगरभित्रको सुरक्षाका लागि थप ५० प्रहरी पनि परिचालन गरिएको छ । सीमा नाकामा हुने चोरी निकासी, आवागमनमा हुने सास्ती, लागुऔषध तथा पटाकाजन्य पदार्थ ओसारपसार, जुवातास, बैंक तथा वित्तीय सङ्घसंस्थालगायत भीडभाड हुने क्षेत्रको सुरक्षाका लागि छद्माछुट्टै टोली खटाई निगरानी बढाइएको छ ।

# भारतीय सेनाप्रमुख नरावणे नेपाल आउने

काठमाडौं । भारतीय सेनाका स्थल सेनाध्यक्ष जनरल मनोज मुकुन्द नरावणे कात्तिकको तेस्रो साता तीन दिने नेपाल भ्रमणमा आउने भएका छन् । उनी कात्तिक १८ गते नेपाल भ्रमणमा आउने भएका हुन ।। नरवाणे सेनाअध्यक्ष बेपछि नेपाल भ्रमणमा आएका छैनन् ।

नेपाल र भारतका सेनाप्रमुख एकअर्काको देशमा मानार्थ सेनाप्रमुख हुने परम्पराअन्तर्गत नेपाली सेनाको मानार्थ महारथीको सम्मान ग्रहणका लागि उनी नेपाल आउन लागेका हुन् । नेपाल भ्रमणका क्रममा उनलाई राष्ट्रपति विद्यादेवी भण्डारीले मानार्थ महारथी दर्जा प्रदान गर्नेछिन् । त्यससँगै उनले प्रधानमन्त्री केपी शर्मा ओली र समकक्षी पूर्णचन्द्र थापासँग समेत भेटवार्ता गर्नेछन् । नरवाणे मुक्तिनाथ दर्शनमा पनि जाने कार्यक्रम रहेको छ ।

उनको भ्रमणका विषयमा गत वर्ष माघ २० मै मन्त्रिपरिषद्ले निर्णय गरे पनि नेपाल-भारत सम्बन्धमा आएको चिसोपन तथा कोरोना महामारीका कारण दुवै देशमा गरिएको बन्दाबन्दीका कारण उनी आउन सकेका थिएनन् । दुई देशबीच सेनाप्रमुखलाई मानार्थ महारथी सम्मान आदानप्रदानको परम्पराअनुसार प्रधानसेनापति पूर्णचन्द्र थापाले जिम्मेवारी सम्हालेको ४ महिनापछि २०७५ पुस २५ मा भारतीय राष्ट्रपति रामनाथ कोविन्दको हातबाट सो सम्मान ग्रहण गरेका थिए । सन् १९४५ मा तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेरको पालादेखि नेपाल-भारतबीच एकअर्काका सेनाप्रमुखलाई मानार्थ महारथीको सम्मान दिने प्रचलन रहँदै आएको छ ।

# चीनको सहयोगमा उत्तर कोरियाली ह्याकरहरु नेपालमा सक्रिय

काठमाडौं । उत्तर कोरियाको साइबर आक्रमणको नयाँ निशाना नेपाल बनेको छ ।

उत्तर कोरियाको साइबर थ्रेट अपरेशन नेपालसम्म विस्तार भइसकेको र नेपालमा चीनको सहयोगमा उत्तर कोरियाली ह्याकरहरु सक्रिय रहेको अन्तर्राष्ट्रिय सुरक्षाकी ज्ञाता डा. मोनिका चन्सोरियाले दावी गरेकी छिन् । जापान इन्स्टिच्युट अफ इन्टरनेशनल अफेयर्सकी सिनियर फेलो डा. चन्सोरियाले जापान फरवार्डमा एक लेख प्रकाशित गर्दै यस्तो दावी गरेकी हुन् ।

नेपालमा उत्तर कोरियाली ह्याकरहरुको पहुँच विस्तार भइसकेको र चिनियाँ इन्टेलिजेन्सको समेत उपस्थिति रहेको दावी गर्दै डा. चन्सोरियाले यी दुईको सहकार्यमा नेपाललाई चीनको स्टेट सेक्युरिटी ब्यूरोले दक्षिण एसियाली अपरेशनको लागि क्षेत्रीय बेस बनाएको र उत्तर कोरियाले साइबर र मनि लण्ड्रिङको लागि प्रयोग गरिरहेको दावी गरेकी छिन् ।

उनका अनुसार नेपालमा सक्रिय उत्तर कोरियाको साइबर आर्मीले स्थानीय रुपमा लाजारुस ग्रुप वा हिडेन कोब्रासँग समन्वय गरिरहेको छ र उत्तर कोरियाको मिलिट्री इन्टेलिजेन्सको महानिर्देशनालयसँग पनि समन्वय गरिरहेको छ ।

डिसेम्बर २०१९ मा नेपाल प्रहरीले बैंकको एटिएम सिस्टम ह्याक गरेको अभियोगमा ठूलो संख्यामा चिनियाँहरुलाई पक्राउ गरेको उल्लेख गर्दै उनले एक नेपाली अखबारमा नोभेम्बर २०१९ मा उत्तर कोरियाली नागरिक समेत पक्राउ परेको रिपोर्ट प्रकाशित भएको उल्लेख गरेकी छिन् ।

उत्तर कोरिया चीनको निकट सहयोगी भएको र पछिल्लो समय चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गरेर प्रधानमन्त्री केपी ओलीको कार्यकाल निरन्तरताको सुनिश्चित गरेको दावी गर्दै उनले ओलीलाई प्रधानमन्त्रीमा स्थापित राखिराख्न चिनियाँ राष्ट्रपति शी जिनपिङले टेलिफोनमार्फत लामो छलफल गरेको समेत दावी गरेकी छिन् ।

नेपालको राजनीतिमा चीनको युनाइटेड फ्रन्ट वर्क्स डिपार्टमेन्ट (युएफडब्लुडी) को सक्रिय भूमिका रहेको समेत उनले दावी गरेकी छिन् । चीनको अन्तर्राष्ट्रिय नीति निर्माणमा युएफडब्लुडीको ठूलो भूमिका रहने उल्लेख गर्दै उनले दक्षिण एसियामा रहेका चीनका सबै कूटनीतिज्ञहरु युएफडब्लुडीबाटै आएका हुनु अर्थपूर्ण रहेको बताएकी छिन् ।

# पर्यटनमन्त्री भट्टराई र राजदूत क्वात्राबीच शिष्टाचार भेट

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री योगेश भट्टराईसँग नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले शिष्टाचार भेट गरेका छन् । सिहंदरवारस्थित पर्यटन मन्त्रालयमा भएको भेटमा मन्त्री भट्टराई र राजदूत क्वात्रावीच दुई देशको हवाई, पर्यटन तथा संस्कृतिका बारेमा कुराकानी भएको जनाइएको छ ।

हवाई क्षेत्रका सम्बन्धमा उनीहरुबीच भैरहवा नाकाबाट उडान प्रवेश गर्ने साथै नेपालगञ्ज र महेन्द्रनगर नाकाबाट पनि उडान अनुमतिका लागि यसअघि भएको पत्राचारलाई छिट्टै निष्कर्षमा पुर्‍याउनेबारे कुरा भएको थियो । कोभिड-१९ का कारण वन्द रहेको काठमाडौ र भारतका विभिन्न शहरहरुबीचको उडान चाडै सुचारु गर्ने बारेमा पनि कुराकानी भएको प्रेस सल्लाहकार राजेन्द्र श्रेष्ठले जनाएका छन् ।

त्यस्तै, संस्कृतिका क्षेत्रमा पशुपति, लुम्बिनी, जनकपुरलाई विशेष धार्मिक तथा सांस्कृतिक गन्तव्यका रुपमा विकास गर्नेबारे छलफल भएको थियो । सो भेटमा मन्त्री भट्टराई र राजदूत क्वात्रा दुवैले रामायण सर्किटको अवधारणालाई छिट्टै कार्यन्वयनमा ल्याउन दुवै देश सकरात्मक रहेको प्रतिवद्धता व्यक्त गरेका थिए । भेटमा मन्त्री भट्टराईले नेपालको संस्कृति, पर्यटन, तथ नागरिक उडड्यनको क्षेत्रमा भारत सरकारले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गरे ।

राजदूत क्वात्राले नेपालका धार्मिक तथा सांस्कृतिक केन्द्रलाई थप विकास गर्न भारत सरकार सकरात्मक रहेको जनाउँदै कोभिड-१९ का कारण प्रभावित बनेको पर्यटन क्षेत्रलाई माथि उकास्न भारत सरकारले उल्लेख्य सहयोग गर्ने प्रतिवद्धता समेत जनाए ।

# काठमाडौं-दिल्ली उडान १ कात्तिकदेखि खुलाउने तयारी

काठमाडौं । सरकारले १ कात्तिकदेखि भारतको दिल्ली उडान खुलाउने तयारी गरेको छ । गत चैतदेखि बन्द भारतको दिल्ली उडान खुलाउन नेपाल र भारत दुवै पक्षले पहल गरिरहेका छन् । नेपाल वायुसेवा निगमले पनि काठमाडौं-दिल्ली उडान खुलाउन भन्दै पर्यटन मन्त्रालयमा प्रस्ताव पठाएको छ । उता भारतीय पक्षले पनि दिल्ली-काठमाडौं उडान खुलाउन माग गर्दै एक साताअगाडि नै नेपाललाई प्रस्ताव पठाइसकेको छ ।

सरकारले अन्य देशसँग १७ भदौदेखि अन्तर्राष्ट्रिय उडान खुलाउने निर्णय गरे तापनि भारततर्फ भने हालसम्म खुलाइएको छैन । १ कात्तिकदेखि खुलाउनका लागि भन्दै सिसिएमसीमा प्रस्ताव पठाएको, तर निर्णय नआएको पर्यटन मन्त्रालयका प्रवक्ता भट्टराई बताउँछन् । यता निगमका कार्यकारी अध्यक्ष घिमिरे निगम दिल्ली उडानको तयारी अवस्थामा बसेको बताउँछन् ।

## आर्थिक समाचार

# दशैंको किनमेलमा तीस प्रतिशत क्यास ब्याक अफर

काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' ले दशैंको अवसरमा गरिने किनमेललाई ध्यानमा राख्दै आइएमई पे मोबाइल वालेट मार्फत गरिने भुक्तानीमा तीस (३०) प्रतिशत क्यास ब्याकको अफर सार्वजनिक गरेको छ । किराना, किनुमन, ठूलो डट कम, काठमाडौं अर्ग्यानिक, सोचेको डट कम र नेपमेड्सका आउटडेटेडबाट बिक्री हुने आवश्यक सामानहरू जस्तै:- औषधी, तरकारी, फलफुल र नयाँ लत्ताकपडा खरिदको भुक्तानीमा यस्तो अफर सार्वजनिक गरिएको हो । यो अफर २५ असोजबाट शुरू भइ कार्तिक ७ गतेसम्म कायम हुनेछ । यो अफरसँगै कोरोना भाइरस (कोभिड-१९) को बढ्दो प्रभाव र अपनाउनुपर्ने सुरक्षा सतर्कता अन्तर्गत सामाजिक र भौतिक दूरी कायम गर्न आम उपभोक्तालाई सहज हुने विश्वास कम्पनीले लिएको छ ।

# सल्यानमा प्रभु बैंकको शाखा कार्यालय विस्तार

काठमाडौं, २५ असोज । प्रभु बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने कममा सल्यान जिल्लाको शारदा नगरपालिका वडा नं. ०१ स्थित श्रीनगरमा २०९औं शाखा सञ्चालनमा ल्याएको छ । बैंकको श्रीनगर शाखा कार्यालयको उद्घाटन शारदा नगरपालिकाका मेयर सुरेश अधिकारीले गरेका छन् ।

बैंकको श्रीनगरमा शाखा कार्यालयको उद्घाटन गर्दै प्रमुख अतिथि सुरेश अधिकारीले प्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै बैंकिङ्ग पहुँच नपुगेको ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहजरुपमा बैंकिङ्ग सेवाविस्तार गरी प्रशंसनीय कार्य गरेको तथा प्रभु बैंकको यो अभियानले देशभरि नै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताउँदै बैंकलाई सफलताको शुभकामना व्यक्त गरेका हुन् । बैंकको श्रीनगरमा शाखा कार्यालयबाट प्रभु बैंकको गुणस्तरीय एवं अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा प्रवाह हुने भएकोले यहाँका स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यवसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले प्रभु बैंकको गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र स्थानीय सर्वसाधारणमा बैंकिङ्ग बानीको विकासमा अभिवृद्धि भई स्थानीयस्तरको सम्पूर्ण आर्थिक कारोबार बैंकिङ्ग प्राणालीमा प्रवेश गर्नुका साथै यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा श्रीनगर शाखा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ ।

# परिषदमा नेपाल पुन:निर्वाचित

काठमाडौं । भारतसहितका देशले सहयोग गरेपपछि नेपाल संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्को सदस्यमा पुनः निर्वाचित भएको छ । राष्ट्रसंघीय कार्यालय न्युयोर्कमा भएको मतदानमा नेपाल १५० मत ल्याएर परिषद सदस्यमा फेरि निर्वाचित भएको हो । परराष्ट्रय मन्त्रालयका अनुसार नेपालका दुवै छिमेकी चीन र भारतसहित १५० देशको मतले नेपाल परिषद् सदस्यमा फेरि निर्वाचित भएको छ । यसअघि भारतलाई संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को अस्थायी सदस्य बनाउन नेपालले पनि पक्षमा मतदान गरेको थियो । नेपालसँगै एसिया प्यासेफिक क्षेत्रबाट चीन र उज्वेकस्तान पनि परिषद सदस्य चुनिएका छन् । नेपाल सन् २०१८ पनि परिषद् सदस्य निर्वाचित भएको थियो । नेपालले अब सन् २०२३ सम्म परिषद् सदस्यका रूपमा काम गर्नेछ ।

# कांग्रेसको...

छ । रामनगर गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद वर्माले नेकपा कार्यकर्ताले रामको हत्या गरेको दाबी गरेका छन् । सुरुदेखि नेपाली कांग्रेसमा रहेका राम नेकपामा जान नमानेपछि उनको हत्या भएको वर्माको दाबी छ । यसअघि राम मृत्यु प्रकरणको विषयमा सत्यतथ्य छनबिन गर्न सोमबार जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएको थियो । प्रहरीले घटनाको छानबिन नगरेर पीडित परिवारको तर्फबाट जाहेरीसमेत लिन नमानेका उसले आरोप लगाएको छ । रामनगर-७ सिसौट बस्ने राममाथि गत २१ गते बेलुका आफ्नो घरअघि बसिरहेको बेला १२-१५ जनाको समूहमा आएका अज्ञात व्यक्तिहरुले धारिलो हतियारले आक्रमण गरेका थिए । यसैबीच, नेपाली काँग्रेस केन्द्रीय कार्यालयले सर्लाही घटनाका भर्त्सना गरेको छ । सर्लाहीमा आफ्नो कार्यकर्ता दलित महेन्द्र रामको हत्यारालाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय परिसरमा प्रदर्शन गर्न गएका काँग्रेसका नेता कार्यकर्ता र प्रहरीबीच झडप भएको र विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीले लाठी चार्ज र अश्रुग्यास प्रहार गरी प्रदर्शनकारीहरुलाई गम्भीर घाइते बनाएको घटनाप्रति काँग्रेसको गम्भीर ध्यानाकर्षण भएको मुख्यसचिव कृष्ण पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । मृतकका तर्फबाट जाहेरी दरखास्त दर्ता गराउन जिल्ला प्रहरी कार्यालय जाँदा सुरक्षाकर्मीको लाठी प्रहारबाट मृतककी श्रीमती, भाइसहित अन्य ३ महिला समेत घाइते भएका पौडेलले जानकारी दिए । पौडेलका अनुसार दुई जनालाई प्रहरीले गिरफ्तार गरेको छ भने दर्जनौं राउण्ड अश्रु ग्यास, हवाई फायर र लाठी चार्जका कारण कयौं व्यक्ति घाइते भएका छन् ।










**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं